# अध्याय एक : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा एक बुद्धि र विकासको प्रक्रिया हो । यो सामाजिक, संवेगात्मक, शारीरिक र बौद्धिक वृद्धि अनि विकासको प्रक्रिया हो । शिक्षा, ज्ञान, सीप, प्रकृति, व्यावहार र विचारको सँगठित रुप हो । यो त मानवीय जीवनभरमा प्राप्त हुने गरेका अनुभवहरुको एक समष्टि रुप हो । चिन्तन, कार्य र जीवनको एक गतिशील प्रक्रिया हो । यो जीवन पर्यन्त चलिरहन्छ । मानिसमा भएका नकारात्मक सोचाइ र व्यवहारहरुलाई नियन्त्रण गरी सकारात्मक सोचाइ र असल व्यवहारहरुको अनुसरण गर्न शिक्षाले नै सिकाउँछ । समग्र मानवीय गुणहरुको प्रवर्धन गरी सहज र सभ्य व्यवाहारिक जीवन जीउने कला सिकाउँछ । त्यसैले शिक्षा मानव मस्तिकको उपज र सर्वाङ्गीण विकासको एक मात्र सशक्त माध्यम हो (शर्मा तथा शर्मा, २०६९) ।

नेपालीमा 'पुस्तकालय' भन्ने शब्द संस्कृत भाषा को 'पुस्तक' र 'आलय' दुई शब्दहरु मिली बनेको हो, जहाँ पुस्तक को अर्थ विभिन्न विद्वान, लेखक, दार्शनिक, चिन्तक, विश्लेषक, साहित्यकार, चित्रकार आदिका विचार, भावना, अनुभव, दर्शन, तर्क, सिद्धान्त, चित्र आदि लिपिवद्ध गरिएको वा छापिएको एक ग्रन्थ भन्ने हुन्छ । 'आलय' को अर्थ घर, बास, भवन, वा स्थान भन्ने हुन्छ । यसरी 'पुस्तक' र 'आलय' दुवै शब्द मिलेर बनेको सिँगो शब्द 'पुस्तकालय' को सिधा अर्थ पुस्तक राख्ने घर भन्ने हुन्छ (राई, भट्टराई, सुब्बा र भण्डारी, २०६६) ।

अक्सफोर्ड एकभान्स लर्नरस् डिक्सनरी आठौ संस्करण अनुसार मानिसका लागि पढ्न, अध्ययन गर्न वा लेनदेन गर्नका लागि विभिन्न पुस्तक, सि.डी., समाचारपत्र आदि संकलन गरी राखिएको घरलाई पुस्तकालय भनिन्छ ।

त्यसैगरी पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका (२०६९) ले दिएको परिभाषा अनुसार "पुस्तकालय" भन्नाले पाँच सय भन्दा बढी समाजोपयोगी पुस्तक, पत्रपत्रिका तथा

विद्युतीय माध्यमबाट पढिने सामाग्री लगायतका पठन सामाग्रीको संकलन भई त्यस्ता पठन सामाग्रीको आदान प्रदान सेवा वा पुस्तकालयमा बसेर सर्वसाधारणलाई अध्ययन गर्न दिने उद्देश्यले सञ्चालित संस्था र सरकारी पुस्तकालयलाई जनाउँछ (शैक्षिक सूचना, २०७०: १५२ बाट उद्धृत) । यसैगरी सो निदेर्शिकाले परिभाषित गरे अनुसार "शैक्षिक पुस्तकालय" भन्नाले शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यले स्थापना भएको पूर्वप्राथमिक तहदेखि विश्व विद्यालय तह सम्मका शैक्षणिक संस्थाहरुमा स्थापना भई सञ्चालित सबै किसिमका पुस्तकालयका साथै अनुसन्धान केन्द्रका पुस्तकालय समेतलाई जनाउँछ (शैक्षिक सूचना, २०७०: १५३ बाट उद्धृत) ।

विश्वमा पुस्तकालयको प्रादुर्भाव, विकास तथा ग्रन्थ रचनामा प्रयोग गरिएका सामाग्रीहरुको प्रयोगका बारेमा अध्ययन गर्दा मानव सभ्यताको शुरुवातसँगै पुस्तकालयको विकास प्रारम्भ भएको पाइन्छ । शुरुमा मानिसले चित्र, भाषा अनि संकेतको विकास गरी आफ्नो इतिहास, धर्म, दर्शन, कला, अनुभव र अनुभूतिलाई माटो, ढुंगा, चट्टान, गुफाका भित्ता, बाँसका खपटा, कछुवाको खपटा, जनावरको छाला, ताडपत्र, भोजपत्र, पोपिरस, काठ, ताम्रपत्र आदिमा लिपिवद्ध गरी पुस्तकको रुप दिएको पाइन्छ । ५५०० ई.पू. तिर सुमेरिया, असिरिया, मेसोपोटामिया आदि प्राचिन सहरहरुका वासिन्दाले फेसो आकारको काठ वा ढुंगाको औजारले क्युनिफर्म लिपिमा गिलो माटोका खबटामा चित्रात्मक रुपले छाप लगाई घाममा सुकाएर वा पोलेर सँग्रह गर्थे । सोही सँग्रहलाई नै आजको आधुनिक पुस्तकालयको प्राचिन रुप मानिन्छ (अधिकारी, २०६८) ।

ई.पू. २२०० मा सिरियाको 'ईब्ला' भन्ने ठाउँमा स्थापित पुस्तकालयलाई सबै भन्दा पुरानो पुस्तकालय मानिन्छ । ई.पू. १७५० मा स्थापित बेबिलोनका राजा हम्बुराबीको पुस्तकालय र ई.पू. ६२७ मा स्थापित असिरियाका राजा असुरवानीपालको 'निनेभ' पुस्तकालयमा माटोका खवटे पुस्तकहरुको सँग्रह गरिएको थियो । त्यसैगरी इजिप्सियन राजा टोलमीले ई.पू. ३०० मा स्थापना गरेको 'अलेक्जान्ड्रियन' पुस्तकालय ७,००,००० स्क्रोलहरुको विशाल सँग्रह रहेको थियो । फ्रान्सका राजा चार्ल्स पाँचौले स्थापना गरी सन् १३६८ मा 'बिब्लियोथेक नेशनल' नामाकरण गरिएको पुस्तकालयलाई संसारकै पहिलो राष्ट्रिय पुस्तकालयको रुपमा चिनिन्छ । सन् १८०० मा स्थापित अमेरिकाको संसद पुस्तकालय (लाइब्रेरी अव कंग्रेस) लाई

संसारकै सबैभन्दा ठूलो पुस्तकालय मानिन्छ, जस्मा ३,२०,००,००० पुस्तकहरु, ६,१०,००,००० पाण्डुलिपि र ५,००,००० माइक्रो पिल्म लगायतका सामाग्री सँगहित गरिएका छन् (ऐ) ।

यसरी विभिन्न सामाग्रीहरुको अध्ययनको क्रममा थाहा भएका र नाम चलेका अन्य पुस्तकालयहरुमा रोमको भेटिकन पुस्तकालय (सन् १४४६), रसियाको लेनिनग्रेड पुस्तकालय (सन् १७१४), बेलायतको ब्रिटिस म्युजियम (सन् १७५६), आरमानिया राष्ट्रिय पुस्तकालय ( सन् १८३२), बोलिमिया राष्ट्रिय अभिलेखालय तथा पुस्तकालय (सन् १८३६), मंगोलिया राष्ट्रिय पुस्तकालय (सन् १९२१), ईथियोपिया राष्ट्रिय पुस्तकालय (सन् १९४४) आदि छन् । त्यसै गरी विश्वका धेरै जसो देशहरुले आफ्नो इतिहास, कला, साहित्य, भाषा, धर्म, दर्शन आदिका साथै राष्ट्रका महत्वपूर्ण दस्तावेजहरुको संरक्षण र संवर्धन गर्न पुस्तकालय स्थापना गरेको पाइन्छ । प्रामाणिक सूचना दिन र शैक्षिक प्रणालीको विकासका लागि विभिन्न देशहरुले विभिन्न विधासँग सम्बन्धित विभिन्न राष्ट्रिय, सार्वजनिक, शैक्षिक र विशिष्ट पुस्तकालय एवं अभिलेखालयहरुको स्थापना गरेको पाइन्छ ।

नेपालको सन्दर्भमा पुस्तकालयको इतिहास र विकास क्रमको अध्ययन गर्दा विभिन्न मठ-मन्दिरहरुलाई पुस्तकालयको रुपमा प्रयोग गरेको पाइन्छ । मल्ल राजाहरुले आफ्नो तन्त्र, दर्शन, व्याकरण, ज्योतिषशास्त्र, धर्मशास्त्र, विभिन्न प्राचिन तथा मध्यकालीन शास्त्रहरु संकलन गरी विभिन्न मठ-मन्दिर, विहार, बौद्ध गुम्बा, चैत्य आदिमा राख्ने गर्दथे (कार्की, सन् २००२) ।

नेपाल एकिकरणका दौरानमा राजा पृथ्वीनारायण शाहले उपत्यका विजय पश्चात गोरखा दरबार, नुवाकोट दरबार, ललितपुर दरबार, भक्तपुर दरबार र मठ-मन्दिरमा संकलित हस्तलिखित ग्रन्थहरु जम्मा गरी हनुमानढोका स्थित दरबारको पूजा कोठामा संकलन गरेको इतिहास पाइन्छ (अधिकारी, २०६८) ।

कार्की (२००२) का अनुसार प्राचिन काल, मल्लकाल र नेपाल एकिकरणको समयसम्म नेपालमा पुस्तकालयको अवस्था प्रशंसा योग्य भए पनि सन् १९५१ सम्म आइपुग्दा

पुस्तकालयको स्थिति बिग्रिएको पाइन्छ । तत्कालिन सरकारी अधिकारीहरुको लापर्वाहीका कारण नेपालबाट विभिन्न महत्वपूर्ण पाण्डुलिपि तथा दस्तवेजहरु चोरिएको वा हराएको विश्वास गर्न सकिन्छ । किनभने ती नेपाली पाण्डुलिपि तथा दस्तावेजहरु आज विश्वका नाम चलेका पुस्तलकायहरुमा सुरक्षित अवस्थामा राखिएको पाउन सकिन्छ । ती पाण्डुलिपि तथा दस्तावेजहरु सुरक्षित रहेका पुस्तकालयहरुमा लण्डन स्थित ब्रिटिस म्युजियम, क्याम्ब्रिज युविभर्सिटी लाइब्रेरी, इण्डियन अफिस लाइब्रेरी, रोयल एशियाटिक सोसाइटी, रसियाको लेनिग्राड पब्लिक लाइब्रेरी, पेरिसको नेशनल बेब्लियोथेक, कलकत्ताको बेङ्गाल एशियाटिक सोसाटी, अमेरिकाको लाइब्रेरी अफ कंग्रेस आदि पर्दछन् ।

भुसाल (२०७४) ले नेपालमा आधुनिक पुस्तकालयको विकासका सन्दर्भमा निम्न तथ्य प्रस्तुत गरेका छन् :

> नेपालमा आधुनिक पुस्तकालयको विकासक्रम शुरु भएको वि.सं. १८६९ साल भदौ १५ गतेदेखि हो । अहिलेसम्म प्राप्त तथ्य र प्रमाणका आधारमा तत्कालिन राजा गीर्वाणयुद्ध विक्रम शाहका पालामा दरबारमा संकलित पाठ्य सामाग्रीको दिगो एवं व्यवस्थित रुपमा संरक्षण गर्ने उद्देश्यले राजा गीर्वाणयुद्ध विक्रम शाहबाट १८६९ साल भदौ १५ गतेका दिन 'पुस्तक चिताइ तहविल' मा लालमोहर लगाइ एकजना सहयोगी सहित पण्डित केदारनाथ झालाई त्यसको जिम्मा दिने निर्णय समेत भएको हुनाले त्यसबेलादेखि मात्र नेपालमा पुस्तकालय सञ्चालन गर्न चासो देखाइएको थियो भन्ने बुझिन्छ । नेपालमा त्यही लालमोहरलाई आधार मानेर पुस्तकालयको इतिहासको चर्चा गर्ने गरिएतापनि आम जनताले त्यसको प्रयोग गरेर पुस्तकालय स्थापना गरेको इतिहास कहीं कतै भेटिदैन (पृ.६) ।

निरौलाका अनुसार व्यक्तिगत प्रयोजनका लागि राणाकालमा विभिन्न पुस्तकालय स्थापना गरिएका भएपनि सर्वसाधारणका लागि कुनै पनि पुस्तकालय थिएनन् । त्यसैले सर्वसाधारणको पहुँचका लागि काठमाण्डौमा महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायत ४०/४५ जना शिक्षाप्रेमी युवाहरुले वि.सं. १९८७ मा 'सरस्वती पुस्तकालय' स्थापना गर्न लागेको थाहा पाएर राणाहरुले सम्पूर्ण अभियान्तहरुलाई जनही रु. १००।- का दरले दण्ड जरिवाना तथा जेलको सजाय दिएका थिए । यो घटना नेपालको इतिहासमा 'लाइब्रेरी पर्व' को नामले चिनिन्छ । उता काठमाण्डौ बाहिर तानसेन पाल्पामा शिक्षाप्रेमी अम्बिकाप्रसाद

लाकौलको सक्रियातामा उहाँकै घरमा वि.सं. १९८३ मा 'पुस्तक पढ्ने दलान' को स्थापना गरिएको थियो । तर उक्त पुस्तकालय एकै वर्षमा बन्द गराइयो । पछि वि.सं. २००३ मा सो पुस्तकालयलाई "धवल पुस्तकालय" को नामले स्थापना गरियो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना हुनुभन्दा अघि नेपालमा धवल पुस्तकालय सहित ३१ वटा पुस्तकालयहरु स्थापना भएका थिए । हालसम्म नेपालमा विभिन्न साना ठूला गरी करिब १५०० वटा पुस्तकालयहरु खुलेका छन् ।

दशौँ पुस्तकालय दिवस, २०७४ सालका अवसरमा शिक्षा मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार प्रत्येक ७५३ स्थानीय तहमा एउटा सार्वजनिक पुस्तकालय स्थापना गर्ने योजना रहेको र देशभरका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न विगत केही वर्षदेखि विद्यालय सुधार कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाका सामुदायिक विद्यालयलाई पुस्तकालय स्थापनाका लागि १ लाख ५० हजार देखि ६ लाख ५० हजारसम्म रकम विनियोजन गरिएको बताइयो (पुस्तकालय आवाज, असोज, २०७४) ।

नेपालमा पुस्तकालयको स्थापना, विकास र सम्बर्धन गर्नका लागि सरकारी स्वामित्वमा रहेका पुस्तकालयहरुमा नेपाल राष्ट्रिय पुस्तकालय (वि.सं. २०१३, केसर पुस्तकालय (सन् १९०८) र डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय (वि.सं. २०३७) हुन् (शिक्षा मन्त्रालय, २०७०) ।

यसैगरी नेपालको पुस्तकालय विकासमा सहयोग गर्ने केही संघसंस्थाहरुमा त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय (वि.सं. २०१६), नेपाल पुस्तकालय संघ (वि.सं. २०१०), त्रि.वि. पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभाग (वि.सं. २०५३), रिड नेपाल, रुम टु रिड नेपाल (सन् १९९८), तुलसा (वि.सं. २०५६), युनेस्को काठमाण्डौ (सन् १९९८), इफ्ला (सन् १९२७) आदि हुन् (राई, भट्टराई, सुब्बा र भण्डारी, २०६६) ।

पुस्तकालय सम्बन्धमा नीतिगत पक्षमा अध्ययन गर्दा नेपालको संविधान २०७२ को भाग ४ अन्तर्गत धारा ५१ 'ज' मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको उपधारा (

४) मा “नागरिकहरुको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने ।” भनी लेखिएको छ । (कानून व्यवस्था समिति २०७२) । यसैगरी पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका (२०६९) ले परिच्छेद ४ मा शैक्षिक पुस्तकालय स्थापना र सञ्चालन व्यवस्थापन समिति, त्यसको गठन, पदावधि, आचरण, काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरे अनुसार प्रत्येक सामुदायिक तथा जुनसुकै किसिमका संस्थागत शैक्षिक संस्थामा अनिवार्य रुपमा पुस्तकालयको स्थापना र सञ्चालन भएको हुनु पर्ने तथा सम्बन्धित शैक्षिक संस्थाको व्यवस्थापन समितिले प्रधानाध्यपकको संयोजकत्वमा तीन वर्षको पदावधि रहने गरी सात सदस्य एक विद्यालय पुस्तकालय व्यवस्थापन समितिको गठन गर्नुपर्ने भनी लेखिएको छ । त्यसैगरी पाठ्यक्रमको उद्देश्य पूरा गर्न वा सिकाइ उपलब्धिमा स्तरीकरण गर्ने पुस्तकालयको उपयोगमा शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्ने, पाठ्यक्रमलाई सहयोग पुऱ्याउने पुस्तक संकलन, प्रशोधन, संरक्षण तथा वितरण गर्ने, विद्यार्थीमा पुस्तकालय प्रयोग गर्ने बानीको विकास गराउने, विद्यालयको सेवा क्षेत्र भित्र रहेका सार्वजनिक/सामुदायिक पुस्तकालयसँग समन्वय गर्ने, विद्यालय पुस्तकालय कोष खडा गर्ने आदि व्यवस्था गर्न निर्देशन दिइएको छ (शैक्षिक सूचना, २०७०: १५७-१५८) ।

समिर (२०७४) का अनुसार अधिकांश विद्यालयमा पुस्तकालयको अवस्था अत्यन्त कमजोर रहेको छ र धेरै विद्यालयमा नाम मात्राका पुस्तकालय रहेका छन् । त्यसैगरी ति विद्यालयमा न पुस्तकको राम्रो व्यवस्थापन गरिएको हुन्छ, न कुनै तालिम प्राप्त पुस्तकालयकर्मीको नै व्यवस्था गरिएको हुन्छ । शिक्षक विद्यार्थीका लागि पर्याप्त पढ्ने ठाउँको व्यवस्था गरिएको पनि हुँदैन । यहाँसम्मकी पुस्तकालय सञ्चालनका लागि भनेर एउटा छुट्टै भवनको त के कुरा कोठा समेत छुट्याइएको पनि हुँदैन । पुस्तकालयका लागि पुस्तक खरिद गर्दा खासगरी शिक्षक एवं विद्यार्थीको आवश्यकता, रुचि तथा विषयगत सन्दर्भ सामाग्रीहरुको छनोट गर्नु जरुरी भएपनि विद्यालयहरुले कहीं कतै यसरी पुस्तक खदिद गरेको पाईदैन ।

यसरी विगतदेखि हालसम्मको नेपालमा पुस्तकालयको विकास, सञ्चालन र व्यवस्थापन स्थितिको विभिन्न पुस्तक, लेख, रचना, विचार, कार्यपत्र, निर्देशिका आदिको अध्ययन गर्दा पुस्तकालय स्थापना र सञ्चालनमा विभिन्न प्रयत्नहरु भएको पाइन्छ । तर ती

पुस्तकालयहरुको व्यवस्थापन र प्रयोग सन्तोषजनक रहेको पाईंदैन । विद्यालयमा पुस्तकालयनै नभएको र जे जति छन् तिनको आवस्था पनि नाजुक रहेको भनिएको छ । यसर्थ वर्तमान समयमा विद्यालय स्तरका पुस्तकालयको अवस्था र व्यवस्थापनको अध्ययन गरी त्यसका समस्या तथा चुनौती अनि समाधानका उपायहरु खोजी गर्ने उद्देश्य राखी यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

पुस्तकालयको विकास र यसको व्यवस्थापनका सम्बन्धमा गरिएका खोज र अनुसन्धानहरुको अध्ययनबाट विश्वका विभिन्न देशहरुले पुस्तकालयलाई गुणस्तरीय शिक्षाको आधार, सूचनाको केन्द्र तथा अभिलेखालयको रुपमा विकास गरेको पाइन्छ । नेपालमा पनि मल्लकालदेखि नै पुस्तकालयको विकास भएको र विभिन्न कालखण्डमा विभिन्न रुपमा पुस्तकालयको विकासक्रमले निरन्तरता पाएको नै देखिन्छ । विभिन्न सरकारी, गैह्रसरकारी, व्यक्तिगत, सामुदायिक र राष्ट्रिय अनि अन्तराष्ट्रिय संघसंस्थाहरुले आ-आफ्नो ठाउँबाट नेपालमा पुस्तकालयको आवश्यकता र महत्वका बारेमा चर्चा-परिचर्चा भइ रहेकै पाइन्छ । तर पनि नेपालमा पुस्तकालयको विकास, व्यवस्थापन र सञ्चालन प्रभावकारी ढंगबाट भएको भने पाईंदैन ।

पुस्तकालय बिना कुनै पनि विद्यालयको शैक्षिक प्रतिष्ठा उच्च हुन सक्तैन, जुन विद्यालयमा जति सुन्दर, रुचिकर तथा समृद्ध पुस्तकालय रहेको हुन्छ, सोही विद्यालयको शैक्षिक स्तर गुणस्तरीय तथा वार्षिक परीक्षामा उत्कृष्ट नतिजा रहेको हुन्छ । त्यसैले त्यस्ता विद्यालयलाई उत्तम र उत्कृष्ट मानिन्छ । साँच्चै भन्ने हो भने शिक्षक एवं विद्यार्थी दुवैकालागि पुस्तकालय ज्ञानको भण्डार, सबैभन्दा नजिको मित्र तथा मार्गदर्शक गुरु मानिन्छ । पुस्तकालय सामाजिक पहिचान र ज्यूँदो इतिहास हो । तरपनि नेपालका विद्यालयहरुले पुस्तकालयको व्यवस्थापन र सञ्चालन गर्न सकेका छैनन् । विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासन कहिल्यै आफ्नो विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नुपर्छ भनी लागि परेको देखिदैन (समिर, २०७४) ।

त्यसैगरी थापा (२०६७) का अनुसार हाल स्थानीय निकायको शैक्षिक कार्यक्रमभित्र पुस्तकालयको स्थापना र रेखदेख रहने गरेपनि यथोचित रुपमा त्यसको कार्यन्वयनमा समस्या देखिएको छ । प्रशासनले पुस्तकालयलाई सकारात्मक रुपमा हेर्ने गरेको देखिदैन ।

यसरी नै विभिन्न अध्ययन र अनुभवबाट यो कुरा थाहा हुन्छ कि विद्यालय स्तरमा प्रयोग गरिएका पाठ्यक्रमले समेटेका विषयवस्तुले मात्र शिक्षक तथा विद्यार्थीका आवश्यकता र जिज्ञासाको समाधान गर्न सक्दैनन् । व्यापारिक तथा सतहीरुपमा तयार गरिएका अधिकांश पुस्तकहरुले विभिन्न विधा र क्षेत्रका गहन ज्ञान दिलाउन पनि सक्तैनन् । यसर्थ कुनै पनि विद्यालयमा शिक्षक, विद्यार्थीका साथै अन्य सम्बन्धित सरोकारवालाहरुका लागि एक व्यवस्थित एवं आधुनिक पुस्तकालयको आवश्यकता पर्दछ । एउटा विद्यालयमा जसरी विज्ञान तथा गणित प्रयोगशालाको अनिवार्य आवश्यकता पर्दछ । त्यसरी नै बौद्धिक प्रयोगशालाको रुपमा पुस्तकालयको आवश्यकता पर्दछ । कुनै पनि विद्यालयका लागि एउटा व्यवस्थित पुस्तकालय एउटा महत्वपूर्ण अंग तथा शैक्षिक गुणस्तरको आधारशिला हो । यसले शिक्षक तथा विद्यार्थीहरुका लागि पुरक पाठ्य सामाग्री उपलब्ध गराउँछ । यसरी विश्वमानै अति महत्वपूर्ण रुपमा लिइएको, अध्ययन संस्कृतिको विकासमा टेवा पुऱ्याउने, शैक्षिक गुणस्तरमा वृद्धि गर्ने र सूचनाको महत्वपूर्ण स्रोतका रुपमा रहेको पुस्तकालयको विकास नेपालमा भने प्रभावकारी रुपमा विकास हुन सकेको छैन । मल्लकालदेखि, नेपालको एकिकरण अनि शाहकाल देखि राणा शासनको समयमा पनि विभिन्न अवस्था र रुपमा निरन्तरता पाएको नेपालको पुस्तकालयको विकासक्रम हालसम्म पनि चलिरहेकै छ । अझ शिक्षा र सूचनाको अधिकार मौलिक एवं मानव अधिकारका रुपमा स्थापित भइसकेको वर्तमान नेपालको सामाजिक र राजनैतिक प्रणालीमा पुस्तकालयले अझ बढी महत्व राख्दछ । तर पनि पुस्तकालयको विकास किन राम्ररी हुन सकेको छैन त ? विद्यालयमा पुस्तकालयको सञ्चालन, व्यवस्थापन र प्रयोग प्रभावकारी हुन नसक्नुको कारण के हो ? यसका चुनौतीहरु के के हुन ? अनि समाधानका उपायहरु के हुन सक्छन ? पुस्तकालय व्यवस्थापन सम्बन्धि यिनै प्रश्नहरुको समाधान खोजी प्रत्येक विद्यालयमा एउटा व्यवस्थित र आधुनिक पुस्तकालयको विकास साथै शैक्षिक विकासमा सहयोग पुग्नेगरी समाधानका उपायहरु सहित सुझाव पेश गर्न 'माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन' शीर्षकमा यो शोधपत्र तयार गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि व्यक्ति, परिवार, विद्यालय, समाज र राष्ट्रका लागि पुस्तकालयको महत्व अत्यन्त धेरै रहेको हुन्छ । यसको महत्वलाई राई, भट्टराई, सुब्बा र भण्डारी, (२०६६) ले यसरी चित्रण गरेका छन्:

> पुस्तकालय ज्ञान सामाग्रीको एउटा अमूल्य नीधि हो । मानव सभ्यताको एउटा चित्रसङ्ग्रह (एल्बम) का रुपमा यसलाई लिन सकिन्छ । पुस्तकालय वौद्धिक निर्माणको आधारशिला हो र सभ्यता र संस्कृतिको अमूल्य सम्पत्ति हो, शिक्षक, विद्यार्थी, प्रशासक, अनुसन्धानकर्ता सबैका लागि पथ प्रदर्शकको आधार हो । कुनै पनि देशको कला संस्कृति, शिक्षा, विकासको पौरख गर्ने आधार पनि पुस्तकालय नै हो भन्दा फरक पर्दैन । यसरी कुनै सूचना चाहिने व्यक्ति विरामी हो, लाइब्रेरी ( पुस्तकालय) अस्पताल, लाइब्रेरियन डाक्टर र पुस्तक (सूचना) औषधी हो (पृ.३) ।

त्यसैगरी नागरिकको सानै स्कुले जीवनदेखिनै अध्ययन गर्ने बानीको विकास गर्न र उसलाई एक जिम्मेवार, अनुशासित, सभ्य र गुणात्मक नागरिक बनाउन विद्यालयमा पुस्तकालयको विकास तथा व्यवस्थापन राम्रो हुनु पर्दछ । तर पनि विद्यालयमा एउटा राम्रो पुस्तकालय सञ्चालन भएको अनुभूति गर्नभने पाइएको छैन । विभिन्न सरकारी गैह्र सरकारी संघ संस्था एवं निकायहरुको प्रयत्न कित पर्याप्त नै छैन कित सर्वजनिक पुस्तकालयमा मात्र केन्द्रित रहेको छ । त्यसै गरी नेपालको सन्दर्भमा सामुदायिक विद्यालय स्तरका शैक्षिक पुस्तकालयहरुका बारेमा अनुसन्धान भएको पाईंदैन, भएका अनुसन्धानले पनि गहन रुपमा अध्ययन गरी यस सम्बन्धमा मुख्य कारणहरु खोजी गरेको पाईंदैन; यसर्थ यसै रिक्ततालाई पूरा गर्न यो अध्ययन गरिएको हो ।

यस शोधकार्यबाट प्राप्त नतिजाका आधारमा पुस्तकालय व्यवस्थापनका चुनौती वा समस्याहरुको समाधानका उपायहरु खोजी गरी सुझाव पेश गर्दा समुदायका सबै पक्षहरु : स्थानीय सरकार, लगानीकर्ता, विद्यालय, शिक्षक, विद्यार्थी, अध्येता, अनुसन्धानकर्ता, अभियन्ता, पुस्तकालयकर्मी, योजनाकार, नीति निर्माता आदि सबैलाई आ-आफ्नो ठाउँमा सहयोग पुग्नेछ । विशेषतः विद्यालयमा शैक्षिक पुस्तकालयको स्थापना, उचित व्यवस्थापन,

प्रभावकारी प्रयोग तथा सञ्चालन र प्रवर्धन गरी आशातित शैक्षिक गुणस्तरमा बृद्धि गर्न तथा उत्कृष्ट नतिजा प्राप्त गर्न यस शोधकार्यले सघाउ पुऱ्याउने छ भन्नेमा विश्वस्त हुन सकिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालित पुस्तकालयको व्यवस्थपनको वर्तमान अवस्था पहिचान गर्नु,

२. सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालित पुस्तकालयले शिक्षण- सिकाइमा पुऱ्याएको सहयोगको अवस्था पत्ता लगाउनु र

३. सामुदायिक माध्यमिक विद्यालयको पुस्तकालय व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीहरु पहिचान गरी समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययन सम्पन्न गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरुको सहयोग लिइएको छ :

१. सामुदायिक मा.वि.मा पुस्तकालयको भौतिक स्थिति कस्तो रहेको छ ?

२. पुस्तकालय व्यवस्थापन, सञ्चालन एवं प्रयोगको अवस्था के कस्तो रहेको छ ?

३. पुस्तकालयले शिक्षण-सिकाइमा पुऱ्याएको सहयोगको अवस्था कस्तो छ ?

४. पुस्तकालय व्यवस्थापनमा के कस्ता समस्या र चुनौतीहरु रहेका छन् ?

५. पुस्तकालय व्यवस्थापन तथा सञ्चालनका समस्याहरु समाधानका प्रभावकारी उपायहरु के के हुन सक्तछन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन झापा जिल्लाको कनकाई नगरपालिका क्षेत्र भित्र सञ्चालित तीन ओटा सामुदायिक माध्यमिक विद्यालय भित्र मात्र सिमित गरिएको छ । यो अध्ययन पुस्तकालयका विभिन्न प्रकारहरु मध्ये शैक्षिक पुस्तकालयका बारेमा मात्र सिमित गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्ष अन्य विद्यालय तथा भौगोलिक क्षेत्रहरुमा सामान्यीकरण गर्न सकिदैन । अध्ययन कार्यमा सहभागीहरु पुस्तकालय व्यवस्थापन समिति, प्रधान अध्यापक, लाइब्रेरियन र विद्यार्थीहरु यस अध्ययनको परिसीमाभित्र परेका छन् । शैक्षिक सत्र २०७५ को पुस्तकालय सम्बन्धी तथ्याङ्कलाई आधार मानी यो अध्ययन सम्पन्न गरिएको छ ।

## १.७ प्रमुख शब्दावलीको परिभाषा

यस अध्ययनमा प्रयोग गरिएका प्रमुख शब्दावलीको परभाषा निम्नानुसार रहेको छ :

**सामुदायिक माध्यमिक विद्यालय :** यस अध्ययन प्रयोजनका लीग सामुदायिक माध्यमिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गरी कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालय तहलाई जनाउँछ । यद्यपि यस अध्ययनमा कक्षा ९ र १० मात्र सञ्चालित विद्यालयलाई समेत यस परिभाषामा समेटिएको छ ।

**शैक्षिक पुस्तकालय :** यस अध्ययन प्रयोजनका लागि शैक्षिक पुस्तकालय भन्नाले शिक्षक तथा विद्यार्थीको शिक्षण- सिकाइ क्रियाकलापमा सहयोग गरी गुणस्तरीय शैक्षिक उपलब्धी प्राप्त गर्ने उद्देश्यले सामुदायिक माध्यमिक विद्यालयमा आवश्यक शैक्षिक सामाग्री एवं सुविधा सहित सञ्चालित पुस्तकालय भन्ने बुझिन्छ ।

**पुस्तकालय व्यवस्थापन :** यस अध्ययन प्रयोजनका लागि पुस्तकालय व्यवस्थापन भन्नाले सामुदायिक माध्यमिक विदालयमा सञ्चालित शैक्षिक पुस्तकालय सञ्चालनका लागि आवश्यक भौतिक, आर्थिक, प्रशासनिक तथा जनशक्तिको व्यवस्थापन भन्ने बुझिन्छ ।

# अध्याय दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि शोध वा अनुसन्धानसँग सम्बन्धित कुनै पनि पुस्तक, लेख, रचना, शोधपत्र, पाण्डुलिपी सिद्धान्त, विचार, कार्यपत्र आदिको सविस्तार अध्ययन गर्नुलाई सम्वन्धित साहित्यको पुनरावलोकन भनिन्छ । यो कार्य अनुसन्धानको शीर्षक छनौट गर्नु अघिदेखि शुरु भई अनुसन्धान प्रतिवेदन पुरा नहुञ्जेलसम्म चलिरहने एक निरन्तर प्रक्रिया हो । यसले कुनै पनि अनुसन्धानकर्तालाई आफनो कार्य सहज र व्यवस्थित ढंगले सम्पन्न गरी नयाँ, मौलिक तथा व्यवस्थित रुपमा सम्पन्न गर्न सघाउ पुऱ्याउने भएकाले यस शोधकार्यका लागी निम्नानुसारको सम्वन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

ओमिनियो ( सन् २०१६) का अनुसार घानाको आधारभूत सरकारी विद्यालयहरुमा विद्यार्थीले पुस्तकालयलाई आफ्नो गृहकार्य र प्रोजेक्टकार्य गर्न सही ढंगबाट प्रयोग गरेको र यसले उनीहरुमा सम्बन्धित सूचना र ज्ञानको खोजी गर्ने कुशलताको विकास भएको बताएकी छन् । यसै गरी पुस्तकालयको प्रयोग गर्ने शिक्षकहरुमा पुस्तकालयले शिक्षण - सिकाइमा सकारात्मक भूमिका खेलेको पाईएको बताएकी छन् । उनले अनुसन्धानका क्रममा पुस्तकालयका मुख्य समस्याका रुपमा पुस्तकालय सामाग्रीको अभाव, अयोग्य पुस्तकालयाध्यक्ष (लाईब्रेरियन) र पुस्तकालय वजेटको अभाव रहेको पाइएको उल्लेख गर्दै समस्या समाधानका लागि सुझाव दिएकी छन् ।

मोजापेलो ( सन् २०१४ ) ले दक्षिण अफ्रिकाको लिम्पोपो प्रान्तमा ३३% भन्दा बढी विद्यालयहरुमा पुस्तकालयको व्यवस्था भएको तर धेरैजसो विद्यालयहरुमा पुस्तकालय व्यवस्थित ढंगबाट सञ्चालन हुन नसकेको बताएका छन् । अनुसन्धानकर्ताले अनुसन्धानका क्रममा पुस्तकालय व्यवस्थापन तथा सञ्चालनमा विभिन्न समस्याहरु जस्तै विद्यालय पुस्तकालय कानून तथा नीतिको अभाव, पुस्तकालय सामाग्रीको अभाव,  शिक्षक, विद्यार्थी र अभिभावकमा पुस्तकालयको मूल्य तथा महत्वप्रतिको चेतनाको अभाव आदि रहेको वताएका छन् ।

प्याटन-आस (सन् २०१२ ) र सन्धु (सन् २०१४) ले दक्षिण अफ्रिकाकै गौटेङ प्रान्तमा आफ्ना छुट्टाछुट्टै अनुसन्धानका क्रममा आठ प्रतिशत भन्दा कमि विद्यालयमा मात्र पुस्तकालय रहेको र पस्तकालयको व्यवस्थित सञ्चालनका प्रशस्त समस्याहरु रहेको पाइएको भनेका छन् । त्यस प्रान्तका पुस्तकालयहरुका प्रमुख समस्याहरुमा राष्ट्रिय नीतीको अभाव, कम्प्यूटर लगाएत पुस्तकालय सामाग्री चोरीहुने गरेको, शिक्षकहरुमा पुस्तकालयको भूमिका प्रतिको सोचाई र ज्ञान कमी रहेको, तालीम प्राप्त पुस्तकालय स्टाफको कमि, बजेटको कमी, नियुक्ति भएका शिक्षक पुस्तकालय अध्यक्षले अतिरिक्त कक्षाहरु पढाउनुपर्ने, वि. व्य. समितिको चासोको कमी, भौतिक व्यवस्थापनको कमी र इन्टरनेट पहुँचको कमी रहेको बताएका छन् । अनुसन्धानकर्ता आसले प्र. अ. को प्रयासमा विद्यालय पुस्तकालयमा क्रमशः सुधार हुँदै गएको र साहित्य प्रतिको रुची क्रमशः बढदै गएको पाइएको पनि बताएका छन् । उनले शिक्षण -सिकाइमा पुस्तकालयले केन्द्रीय भूमिका खेल्न विद्यालयमा पुस्तकालयलाई समयानुकुल परिवर्तन , परिष्कृत र अद्यावधी गर्न पनि सुझाएका छन् ।

जज (सन् २०१२ ) का अनुसार तुलनात्मक रुपमा ब्रिटेनमा भन्दा स्कटल्याण्डमा र ती दुवै देशभन्दा अमेरिकामा विद्यालय पुस्तकालयको अवस्था ज्यादै राम्रो रहेको बताएकी छन् । उनले अमेरीकामा पुस्तकालयलाई शिक्षा प्रणालीकै एउटा अंगको रुपमा सम्मिलित र विकास गरिएको, शिक्षण र पुस्तकालय सीपमा दोहोरो योग्यता हासिल गरेका पुस्तकालयाध्यक्ष नियुक्ती गरिएको, पुस्तकालयसँग सम्बन्धित विभिन्न व्यवशायीक सँगठनले सरकारसँग सम्बन्ध विस्तार गरी पुस्तकालयाध्यक्ष तालीम, योग्यता र आवश्यकता परिपूर्तिका लागी कार्य गर्ने गरेको उल्लेख गरेकी छन् । यसै गरी विद्यालयमा व्यवस्थित र प्रभावकारी पुस्तकालय सञ्चालनमा तीनवटा तत्वहरु जस्तै पुस्तकालयाध्यक्ष , विद्यालयको वातावरण र व्यवशायीक सहयोगको आवश्यकता हुन्छ भनी बताएकी छन् । उनले उक्त तत्वहरु विचमा कुनै पनि विद्यालय भित्र अन्योन्यास्रित सम्बन्ध स्थापित हुने र पुस्तकालय कार्यक्रम एक बहु-आयामिक, जटिल एवं सामर्ध्र्यवान हुने तथ्य औंलाएकी छन् ।

सेल्भाकुमार (सन् २०१४) का अनुसार तामिलनाडु प्रान्तको करुर जिल्लामा ४४.८ प्रतिशत सरकारी विद्यालय र ४४.१४ प्रतिशत निजी विद्यालयमा पुस्तकालयको व्यवस्था भए पनि पुस्तकालय व्यवस्थापनमा विभिन्न समस्याहरु रहेको उल्लेख गरेका छन् । पुस्तकालय

सामाग्रीको सँग्रह राम्रो नभएको, ठाउँको अभाव रहेको, पुस्तकालय सञ्चालनका लागी बेग्लै कोठा नभएको, कम्प्युटरको अभाव रहेको र योग्य पुस्तकालयाध्यक्ष को अभाव रहेको पाइएको बताएका छन् । यो अवस्था सरकारी विद्यालयमा अझ नाजुक रहेको बताएका छन् । उनले समग्र हिन्दुस्थानमा नै विद्यार्थीको अध्ययन गर्ने बानीको विकाश गर्न, समग्र शैक्षिक गुणस्तर र उच्च शैक्षिक परिणाममा सुधार गर्न शिक्षा र पुस्तकालय प्रक्रियालाई सँगसँगै मिलाए लानुपर्ने सुझव दिएकाछन् । त्यसै गरी विद्यालयमा पुस्तकालयको स्थापना र यसको सुधारका लागी केन्द्रीय सरकार, प्रान्तीय सरकार, विद्यालय, शिक्षक र पुस्तकालयाध्यक्ष ले सँगै मिलेर एकसाथ काम गर्नका लागी आफ्नो शोध प्रतिवेदन मार्फत सल्लाह दिएका छन् ।

समिर (२०७४) ले केही समय अगाडिसम्म एउटा बन्द कोठामा सँग्रहित ज्ञान र सूचना सामाग्री प्रविधिमा आएको चमत्कार सँगै विश्व ब्रम्हाण्डमा छरिएकाले आजको पुस्ता आवश्यकता र सुविधा दुवै दृष्टिकोणले परम्परागत पुस्तकालय भन्दा आधुनिक सूचना प्रविधियुक्त पुस्तकालयमा रमाउन चाहने भएकाले समय र आवश्यकता अनुसार विद्यालयमा व्यवस्थित एवं प्रविधियुक्त पुस्तकालय स्थापना गर्नुपर्नेमा आफ्नो विचार व्यक्त गरेका छन् ।

शैक्षिक व्यवस्थापन सम्बन्धमा थापा (२०६८) ले शिक्षामा गुणस्तरीयता र प्रभावकारीता हासिल गर्नका लागि शैक्षिक व्यवस्थापन राम्रो हुनुपर्दछ भनेका छन् । शिक्षा क्षेत्रमा पूर्व निर्धारित शैक्षिक उद्देश्य हासिल गर्नका लागि भौतिक तथा मानवीय स्रोत एवं साधनलाई कुशल र प्रभावकारी ढंगबाट सञ्चालन गर्न नीति निर्माण, अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण, विद्यार्थी तथा शैक्षिक जनशक्ति भर्ना, तालिम, प्रभावकारी शिक्षण-सिकाइ, परीक्षा सञ्चालन, मूल्याङ्कन, कार्यसम्पादन, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र वितरण आदि क्रियाकलापलाई सङ्गठित गर्ने, समन्वय गर्ने, प्रेरणा दिने, नवप्रवर्तन गर्ने, स्रोतको परिचालन गर्ने, सञ्चार तथा सम्पर्क गर्ने, निर्देशन दिने, नियन्त्रण गर्ने आदि कार्यहरु व्यस्थित रुपमा गर्नुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी खनाल (२०६८) ले भौतिक व्यवस्थापनमा भवन, कक्षाकोठा, शैक्षिक सामाग्री, प्रयोगशाला, कम्प्युटर आदिका अतिरिक्त एक व्यवस्थित पुस्तकालयको पनि व्यवस्थापन

हुनुपर्छ भनेका छन् । उनले भौतिक व्यवस्थापन प्रभावकारी भएका विद्यालयमा विद्यार्थी भर्नामा वृद्धि भएको र कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयमा विद्यार्थी भर्ना न्यून रहेको कुरा अनुसन्धानबाट प्राप्त भएको बताएका छन् । यसर्थ उनले विद्यालयको राम्रो भौतिक व्यवस्थापनका लागी सरकारलाई थप अनुदान उपलब्ध गराउन र सम्बन्धित सरोकारवाला पक्षहरु  वि.व्य.स., प्र.अ., अभिभावक, विद्यार्थी सबैले आ-आफ्नो क्षेत्रबाट भौतिक व्यवस्थापन तथा परिचालनका लागी सहयोग गर्न सुझाब पेश गरेका छन् ।

नेपालको विद्यालय पुस्तकालयको अवस्थाको बारेमा प्राप्त साहित्यको पुनरावलोकन गर्दा श्रेष्ठ (२०६९) ले तत्कालिन उच्च मा.वि. को पुस्तकालय व्यवस्थापन तथा सञ्चालन प्रभावकारी हुन नसकेको उल्लेख गरेका छन् । उनले नेपालमा भौतिक, आर्थिक, प्राविधिक र नीतिगत कमजोरी, पाठ्य सामाग्री र पुस्तकालय कर्मचारीको कमिका कारण विद्यालयमा पुस्तकालयको प्रभावकारी व्यवस्थापन हुन नसकेको पाइएको बताएका छन् । यसर्थ सरोकारवाला पक्षहरुलाई एकै ठाउँमा उभिएर पुस्तकालयको महत्वमाथी छलफल गरी समयानुकुल पुस्तकालयको व्यवस्थापनमा आवश्यक उपायहरुको खोजी गरी अघि बढ्न उनले सुझाव पनि पेश गरेका  छन् ।

पुस्तकालयसँग सम्वन्धित उपर्युक्त साहित्यहरुको पुनरावलोकनबाट यो तथ्य स्पष्ट  हुन्छ कि घाना, दक्षिण अफ्रिका, भारत र नेपाल जस्ता अल्पविकसित र विकासशील देशहरुको विद्यालयमा पुस्तकालय व्यवस्थापनको अवस्था निकै कमजोर रहेको समस्या तथा चुनौतीहरु समान रहेको र पुस्तकालयलाई विद्यालयको अंगको रुपमा विकास गर्न नसकिएको कुरा अनुसन्धानकर्ताहरुले उल्लेख गरेका छन् । उता विकसित मुलुक अमेरिकामा भने पुस्तकालयलाई विद्यालयको एउटा अभिन्न अंग र शिक्षण- सिकाइको आधारको रुपमा स्थापित गरि सकिएको तथ्य उजागर गरिएको छ । यसरी अध्ययनबाट यो निर्क्योल निकाल्न सकिन्छ कि जुन देशको विद्यालयमा पुस्तकालयको व्यवस्थापन राम्रो रहेको र अध्ययन संस्कृतिको विकास भएको छ, त्यो देशको शिक्षा तथा चेतनाको स्तर माथि रहेको र पुस्तकालय व्यवस्थापन र अध्ययन संस्कृतिको विकास हुन नसकेको देशमा शिक्षा र चेतनाको स्तर अझै पछि परेको पाइन्छ । तथापि प्रस्तुत सम्बन्धित साहित्यहरुको पुनरावलोकन गर्दा समग्रमा पुस्तकालय व्यवस्थापन सन्दर्भमा समस्या तथा चुनौतीहरुको

विस्तृत विश्लेषण गरिएको पाइएन साथै सामुदायिक विद्यालयका पुस्तकालय व्यवस्थापनका लागि आर्थिक स्रोत व्यवस्थनका बारेमा उल्लेख गरेको पाइएन ।

## २.२ सैद्धान्तिक खाका

यस शोध कार्यलाई सहजता प्रदान गर्न र अझ विश्वसनीय बनाउन विभिन्न विद्वानहरुले प्रतिपादन गरेका निम्नानुसारका सम्वन्धित सिद्धान्तहरुलाई शोधकार्यको आधारको रुपमा लिईएको छ :

### २.२.१ पुस्तकालय विज्ञानका पाँच सिद्धान्तहरु

डा.एस.आर. रंगनाथन (१८९२-१९७२) द्वारा सन् १९३१ मा प्रकाशित 'पुस्तकालय विज्ञानका पाँच सिद्धान्तहरु' नामक पुस्तकमा पुस्तकालय सम्वन्धी पाँच वटा आधारभूत् सिद्धान्तहरु प्रतिपादन गरिएका छन् । ती यस प्रकारका रहेका छन् :

**पहिलो सिद्धान्त : पुस्तक प्रयोगका लागि**

यस सिद्धान्तमा पुस्तक तथा अन्य सूचना सामाग्री पुस्तकालयमा सँग्रह गरेर राख्न मात्र होईन । यो जुनसुकै पाठकले पनि प्रयोग गर्नका लागि हो यसर्थ पुस्तकालयको नियम र वातावरण पाठक मैत्री हुनुपर्दछ ।

**दोश्रो सिद्धान्त : प्रत्येक पाठकको आ आफ्नो पुस्तक**

यस सिद्धान्त अनुसार सवै पाठकहरुको रुची र आवश्यकता एउटै हुँदैन । भिन्न भिन्न पाठकहरुको रुची र आवश्यकता उसको भाषा, संस्कृति, कला, लिङ्ग, उमेर, शिक्षा, संकाय, व्यवसाय, चाख आदि अनुरुप भिन्न भिन्न हुन्छ । यसर्थ एउटा राम्रो पुस्तकालयमा पाठकको माग अनुसारका पुस्तकहरुको व्यवस्था भएको हुनुपर्दछ ।

**तेश्रो सिद्धान्त : प्रत्येक पुस्तकको आ आफ्नो पाठक**

यस सिद्धान्त अनुसार  पुस्तकालयमा सँग्रहित प्रत्येक पुस्तकले सम्बन्धित पाठकको दृष्टि आफूतर्फ आकर्षण गर्न सक्नुपर्दछ । पाठकले खोजेको सूचना र ज्ञान दिन सक्नुपर्दछ । यसर्थ पुस्तक छनौट गर्ने कार्यदेखी यीनलाई मिलाएर वा सजाएर राख्ने कार्यका साथै पुस्तक अभीलेखीकरण र पुस्तक सम्म पाठक सजिलै पुग्न सक्ने वातावरणको व्यवस्था मिलाउनु पर्दछ ।

**चौथो सिद्धान्त : पाठकको समय बचाउनू**

निश्चयनै मानव जीवनको सवैभन्दा महत्वपूर्ण साधन भनको नै समय हो । रंगनाथनले यस सिद्धान्तमा कुनै पनि पाठकले छोटो भन्दा छोटो समयमा आफूले चाहेको पुस्तक र सूचना प्राप्त गर्न सक्नुपर्छ भनेका छन् । यसका लागि पुस्तकालयले पर्याप्त पुस्तक संख्या, पुस्तक सूची, पुस्तक रखाइ, फर्निचर, प्रकाशयोग्य खुला ठाउँ, योग्य पुस्तकालयाध्यक्ष आदिको राम्रो व्यवस्था गरी पुस्तकालयको वातावरण र पहुँच सर्वसुलभ बनाउन सक्नुपर्छ ।

**पाँचौ सिद्धान्त : पुस्तकालय बढिरहने चिज**

निश्चयनै मानिसका माग चाहना, विचार, विषय वस्तु, प्रविधि, आवश्यकता आदि समय र परिस्थिति अनुरुप परिवर्तन र परिस्कृत  भइ नै रहन्छन् । एउटा व्यक्ति, ठाउँ परिस्थिति र समयमा पर्याप्त भएको पुस्तकालय सामाग्री अर्को व्यक्ति, ठाउँ, परिस्थिति र समयका लागी प्रर्याप्त नहुन सक्तछन् । एउटा पुस्ताले उपयुक्त ठानेका बिषयवस्तु अर्को पुस्ताका लागी उपयुक्त नहुन सक्तछन् । यसर्थ, रंगनाथनले पाचौं सिद्धान्तमा एउटा राम्रो पुस्तकालय हुनका लागी यसलाई समय, परिस्थिति र आवश्यकता अनुसार चौतर्फी रुपमा विकास गर्न सकिने योजनामा स्थापना र सञ्चालन गर्न सकिने हुनुपर्दछ भनेका छन् । पुस्तकालयलाई समय र आवश्यकता अनुसार सामाग्रीको अद्यावधिक र विस्तारका साथै विकसित प्रविधि मैत्री ढंगबाट व्यवस्थापन गर्न सकिने हुनुपर्दछ ।

### २.२.२ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त

एफ.डब्ल्यू.टेलर (१८५६-१९१५) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त विशेष गरी तल्लो तहका व्यवस्थापनका समस्या र उत्पादन कुशलतासँग सम्वन्धित रहेको छ। यो सिद्धान्तले कामको विश्लेषण , उत्पादन कार्य र व्यवस्थापनमा कुशलता , कामदारहरुको उत्पादन कार्य तथा उत्पादकत्वमा बृद्धी आदि पक्षमा कसरी वैज्ञानिक पद्धति प्रयोग गर्न सकिन्छ भनी विश्लेषण गरेको छ।

### २.२.३ प्रशासनिक व्यवस्थापनको सिद्धान्त

हेनरी फोयल (१८४१-१९२५) ले प्रतिपादन गरेको प्रशासकीय व्यवस्थापनको सिद्धान्तले व्यवस्थापकीय ज्ञान, दक्षता र क्षमतालाई ध्यान दिई प्रशासनिक कार्यमा सुधार ल्याएमा गुणात्मक एवं परिमाणात्मक नतीजा प्राप्त गर्न सकिने तथ्य औंल्याएको छ। फोयलको यस सिद्धान्तमा चारवटा तत्वहरु रहेका छन्। ती तत्वहरु हुन् व्यवस्थापनका कार्यहरु, व्यवस्थापन क्रियाकलापहरु, व्यवस्थापनका सीपहरु र व्यवस्थापनका सिद्धान्तहरु। यी मध्ये व्यवस्थापनका सिद्धान्तहरु अन्तर्गत पर्ने १४ वटा आधारभूत सिद्धान्तहरु मध्ये अधिकार र जिम्मेवारी तथा कार्यविभाजनलाई यस सोधकार्यको एउटा आधार बनाइएको छ। यस सिद्धान्त अनुरुप फोयलले सँगठनको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आफ्नो मातहतमा रहेका कर्मचारीलाई जिम्मेबारीका साथै अधिकार पनि दिनुपर्दछ भनेका छन्। यसै गरी उनले कुनै पनि सँगठनको अपेक्षित लक्ष्य प्राप्त गर्न कार्य विभाजन वा श्रम विभाजन गर्नुपर्दछ भनेका छन्। यसरी सँगठनको कार्य सम्पादन चुस्त-दुरुस्त राखी गुणात्मक एवं परिमाणात्मक नतिजा प्राप्त गर्न कामदार वा कर्मचारीलाई उसको रुची, क्षमता र योग्यता अनुसार सही कार्य र स्थान दिनुपर्दछ।

## २.३ सम्बन्धित साहित्य पुनरावलोकनको प्रयोग

यहाँ शोध कार्यको अनुसन्धान र प्रतिवेदन लेखन कार्यलाई सरल, सहज, गहन, र तार्किक बनाई उद्धेश्यअनुसारको प्रतिवेदन तयार गर्न, आवश्यक निर्देशन र आधार निर्माण गर्न विभिन्न सम्बन्धित साहित्य र सिद्धान्तहरुको पुनरावलोकन गरिएको छ ।

ओमिनियो ( सन् २०१६ ) ले घानाका आधारभूत सरकारी विद्यालय, ओजापिलो (सन् २०१४) ले दक्षिण अफ्रिकाको लिम्पोलो प्रान्तका विद्यालय, आस (सन् २०१२) र सन्धु (सन् २०१४) ले सोही राष्ट्रको गौटेङ प्रान्तका विद्यालय तथा सेल्भाकुमार (सन् २०१४) भारतको तामिलनाडु प्रान्तको करुर जिल्लामा विभिन्न विद्यालयहरुमा स्थापना गरिएका पुस्तकालयहरुको व्यवस्थापन र तीनको व्यवस्थापनका सम्वन्धमा गरेका शोध प्रतिवेदनहरुको यहाँ पुनरावलोकन गरिएको छ । यसबाट यस शोधकार्यलाई सहयोग पुग्ने गरी नेपालजस्तै विभिन्न अल्पविकसित र विकासशील राष्ट्रको विद्यालयमा भएका पुस्तकालयको व्यवस्थापनको अवस्था, पुस्तकालय प्रतिको सरोकारवालाहरुको धारणा र साझा समस्याहरुको जानकारी प्राप्त भएको छ ।

यसैगरी जज (सन् २०१२) ले ब्रिटेन, स्कटल्याण्ड र अमेरिकाका विद्यालयहरुमा स्थापित पुस्तकालयहरुको व्यवस्थापन सम्वन्धमा गरेको सोधकार्यको प्रतिवेदनको पुनरावलोकनले विकसित मुलुक जस्तै अमेरिकामा पुस्तकालय प्रतिको सकारात्मक सोचाइ र विद्यालयमा पुस्तकालयलाई महत्वपूर्ण अंगको रुपमा स्थापित गरेकाले त्यहाँको शिक्षण-सिकाइ प्रभावकारी भई गुणात्मक शैक्षिक नतिजा प्राप्त हुने गरेको जानकारी प्राप्त भएको छ । यसले यस शोध कार्यमा एउटा समृद्धिशाली पुस्तकालयले शैक्षिक उद्देश्य प्राप्तिका लागी कसरी सघाउँछ भनी बुझ्न सहयोग गरेको छ ।

त्यसैगरी श्रेष्ठ (वि.सं.२०६९) ले तत्कालीन उच्च मा. वि. का पुस्तकालयहरुको व्यवस्थापनका सम्वन्धमा तयार गरेको शोध प्रतिवेदन, समिर (वि.स.२०७४) ले नेपालका पुस्तकालयको अवस्थाका सम्बन्धमा लेखेको लेख र खनाल (वि.स.२०६८) ले विद्यालयमा भौतिक व्यवस्थापन सम्वन्धमा तयार गरेको शोध प्रतिवेदनको पुनरावलोकनले शोधकार्यका

लागी चाहिने महत्वपूर्ण तथ्याङ्क र सूचनाहरुको खोजी गर्न तथा पुस्तकालयहरुको समग्र अवस्थाको बारेमा बुझ्न सहयोग गरेको छ ।

सैद्धान्तिक खाकातर्फ डा.एस.आर. रंगनाथन (सन् १८९२-१९७२) ले प्रतिपादन गरेका पुस्तकालय विज्ञानका पाँच सिद्धान्तहरुको पुनरावलोकनबाट यस शोधकार्यका लागि पुस्तक र पुस्तकालय, यिनको प्रकृति, महत्व तथा व्यवस्थापनको सैद्धान्तिक खाकाका सम्वन्धमा ज्ञान प्रदान गरेको छ । शोध कार्यलाई सहज र तार्किक तुल्याएको छ ।

एफ.डब्ल्यू टेलर (१८५६-१९१५) द्वारा प्रतिपादित वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको अध्ययनले यस शोध कार्यका क्रममा पुस्तकालयमा जनशक्तिको सहि बाँडफाँट र कार्य विभाजनका बारेमा बुझ्न सैद्धान्तिक आधार प्रदान गरेको छ ।

यसरी नै, हेनरी फोयल (१८४१-१९२५) द्वारा प्रतिपादित प्रशासकीय व्यवस्थापनको सिद्धान्तको अध्ययनले यस शोधकार्यका क्रममा विद्यालयका पुस्तकालयहरुको व्यवस्थापकीय ज्ञान, सीप, दक्षता र क्षमताका सम्वन्धमा बुझ्न सहज बनाएको छ । अर्कोतर्फ पुस्तकालयाध्यक्ष को अधिकार, योग्यता र जिम्मेबारीका सम्बन्धमा जानकारी लिन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

# अध्याय तीन : अध्ययन विधि

यस अनुसन्धान कार्यलाई व्यवस्थित, सहज र सही ढंगबाट सम्पन्न गर्न चाहिने तथ्याङ्क संकलन तथा संकलित तथ्याङ्कको विश्लेषणबाट निष्कर्ष निकाल्नका लागि निम्नानुसारका ढाँचा, नमुना, साधन, स्रोत र प्रक्रियाहरुको सहयोग लिइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन मिश्रित अनुसन्धानात्मक ढाँचामा गरिएको छ तथापि यो अध्ययन एउटा गुणात्मक प्रकृतिको अनुसन्धान भएकोले यसमा गुणात्मक विधिलाई प्रमुख र परिमाणत्माक विधिलाई गौण रुपमा अपनाइएको छ । विभिन्न शाब्दिक तथा विवरणात्मक तथ्याङ्कहरु संकलन गर्न विभिन्न प्रश्नावली, अन्तरवार्ता तथा स्थलगत अवलोकन जस्ता सर्भे साधनहरुको प्रयोग गरिएको छ । संकलित शाब्दिक र विवरणात्मक तथ्याङ्कलाई तार्किक विधिबाट विश्लेषण गरिएको छ भने स्थलगत अवलोकनका क्रममा प्राथमिक तथा द्वितीय स्रोतहरुबाट प्राप्त गरिएको संख्यात्मक तथ्याङ्कलाई परिमाणात्मक विधिद्वारा पनि व्याख्या विश्लेषण गरिएको छ । तसर्थ यो अध्ययन मिश्रित अनुसन्धान ढाँचा केन्द्रित रहेको छ ।

## ३.२ जनसंख्या र नमुना

### ३.२.१ जनसंख्या

यस अनुसन्धान कार्यका लागि झापा जिल्लाको कनकाई नगरपालिका भित्र सञ्चालित पाँच वटा सामुदायिक मा.वि.मा रहेका पुस्तकालयहरु, पुस्तकालय व्यवस्थापन समिति, प्रधान अध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, पुस्तकालयाध्यक्ष र सम्बन्धित स्रोत केन्द्रलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुना

यस शोध कार्यको जनसंख्या नमुनाको लागि कनकाई नगरपालिका भित्रका पाँच वटा सामुदायिक मा.वि. मध्ये तीन वटा मा.वि. लाई मात्र नमुनाका रुपमा छनौट गरिएको छ। तीनमा कनकाई मा.वि. सुरुङ्गा, सरस्वती मा.वि., जामुनबारी र चम्पापुर मा.वि., चम्पापुर रहेका छन्। त्यसै गरी छानिएका प्रत्यक्ष विद्यालयबाट १-१ जना प्र.अ., १-१ जना शिक्षक, १-१ जना पु.व्य.स. संयोजक वा सदस्य, २-२ जना विद्यार्थी, १-१ जना शिक्षक, १-१ जना पुस्तकालयाध्यक्ष र १ जना स्रोत व्यक्ति गरी जम्मा १९ जना सरोकारवालहरु यस शोध कार्यका लागि नमुनाका रुपमा छानिएका छन्।

### ३.२.३ नमुना छनोट विधि

विद्यालयमा स्थापित शैक्षिक पुस्तकालयसँग प्रत्यक्ष सरोकार राख्ने र प्रभावित हुने पक्षहरु विद्यार्थी, शिक्षक, पुस्तकालयाध्यक्ष, प्र.अ., पु.व्य.स., वि.व्य.स. तथा स्रोत व्यक्ति भएकाले यस अनुसन्धान कार्यका लागि नमुना छनोट गर्दा उद्देश्यमूलक नमुना छनोट विधिको सहयोग लिइएको छ। यो अध्ययन समय, स्रोत र साधनको सीमितताको कारणले उपर्युक्त विद्यालयहरुमा गई शैक्षिक पुस्तकालय व्यवस्थापनका बारेमा यथेष्ट सूचना सङ्कलन गरी गहन अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्तालाई सहज हुने भएकोले उद्देश्यमूलक नमुना छनौट गरिएको छ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरु

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्न आवश्यक तथ्याङ्कहरु संकलनका लागि निम्नानुसारका साधनहरुको प्रयोग गरिएको छ :

### ३.३.१ प्रश्नावली

यस अध्ययनमा प्रधान अध्यापक, पुस्तकालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक लाइब्रेरियन र विद्यार्थीका लागि प्रश्नावाली मार्फत तथ्याङ्क संकलन गरिएको छ। प्रश्नावलीको नमुना अनुसूची १,२,३ र ४ मा संलग्न छ।

### ३.३.२ अवलोकलन तथा तथ्याङ्कक संकलन फारम

यस शोध कार्य सम्पन्न गर्न चाहिने संख्यात्मक तथ्याङ्क संकलन गर्न छनोटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण तथा पुस्तकालयको अवलोकन गरी अनुसूची पाँचमा संलग्न गरे अनुसारका अवलोकन तथा तथ्याङ्क संकलन फारम प्रयोग गरिएको छ।

### ३.३.३ अन्तरवार्ता

यस शोध कार्यका लागि चाहिने विशेष गरी शाब्दिक तथ्याङ्क संकलन गर्न विभिन्न सरोकारवालाहरु सँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता लिइएको छ। अन्तरवार्ताका प्रश्नहरु अनुसूची ५,६,७ र ८ मा संलग्न गरिएको छ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययन कार्य सम्पन्न गर्नका लागि निम्नानुसारका प्राथमिक तथा द्वितीय दुवै खालका स्रोतहरु प्रयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

यस स्रोत अन्तर्गत सम्बन्धित सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट र स्थलगत अवलोकन गरी प्रश्नावली, अन्तरवार्ता र प्रत्यक्ष अवलोकनका माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको छ।

### ३.४.२ द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय स्रोत अन्तर्गत विद्यालयको स्थलगत भ्रमण गरी पुस्तकालय अभिलेखबाट पुस्तकालय सामाग्रीहरुको संख्यात्मक तथ्याङ्क संकलन गरिएको छ। विभिन्न शोधपत्र जर्नल, सरकारी प्रतिवेदन, निर्देशिका आदिलाई पनि तथ्याङ्कको द्वितीय श्रोतको रुपमा प्रयोग गरिएको छ।

## ३.५. तथ्याङ्क संकलन प्रक्रिया

यस अनुसन्धान कार्यमा आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न विद्यालयको स्थलगत भ्रमण गरी सम्बन्धित प्र.अ. हरुसँगको सम्पर्क तथा सहयोगबाट अन्य सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट र छलफल गरिएको छ। प्रश्नावली तथा अन्तरवार्ताबाट पुस्तकालय व्यवस्थापनका विविध पक्षहरु प्रशासनिक, आर्थिक, व्यवस्थापकीय, सञ्चालन आदि प्रक्रियाका बारेमा गुणात्मक तथ्याङ्कहरु संकलन गरिएको छ भने विद्यालयमा सञ्चालित पुस्तकालयको स्थलगत अवलोकन तथा अभिलेखबाट भौतिक तथ्याङ्कहरु संकलन गरिएको छ।

## ३.६. तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका क्रममा विभिन्न साधनहरु प्रयोग गरी प्राप्त तथ्याङ्कहरुलाई आवश्यकता अनुरुप दुवै विवरणात्मक तथा गणितीय वा तथ्याङ्कशास्त्रीय विधिबाट विश्लेषण गरिएको छ। विशेष गरी शाब्दिक तथ्याङ्कहरुलाई सैद्धान्तिक खाकासँग सम्बन्धित गराउँदै व्याख्यात्मक तथा तार्किक विधिबाट निष्कर्षमा पुग्ने कोशिश गरिएको छ भने संख्यात्मक तथ्याङ्कलाई तालिकीकरण, स्तम्भ चित्र, वृत्तचित्र, प्रतिशत, औषत आदिका माध्यमबाट निष्कर्ष निकालिएको छ।

# अध्याय चार : नतिजाको छलफल

यस अध्यायमा अध्ययनका लागि झापा जिल्लाको कनकाई नगरपालिका भित्र सञ्चालनमा रहेका पाँचवटा सामुदायिक विद्यालयहरु मध्ये छनोटमा परेका तीनवटा विद्यालयका शैक्षिक पुस्तकालयको व्यवस्थापनसँग सम्बन्धित शाब्दिक तथा संख्यात्मक तथ्याङ्कहरुको प्रस्तुतिकरण, व्याख्या तथा विश्लेषण गरिएको छ । विभिन्न सर्वे औजारहरु जस्तै प्रश्नावली, अन्तरवार्ता, छलफल, स्थलगत अवलोकन तथा तथ्याङ्क संकलन फारम आदिको सहयोगमा संकलन गरिएका तथ्याङ्कहरुको आवश्यकता अनुरुप गुणात्मक, विवरणात्मक तथा मिश्रित विधिबाट व्याख्या तथा विश्लेषण गरिएको छ । यस अनुसन्धानको उद्देश्य अनुसार संकलित तथ्याङ्कहरुलाई निम्नानुसारका शीर्षक तथा उप-शीर्षकहरुमा विभाजन गरी प्रस्तुत, व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ४.१. सामुदायिक विद्यालयको पुस्तकालय व्यवस्थापनको वर्तमान अवस्था

यस अनुसन्धानमा नमुना छनोटमा परेका तीन वटा सामुदायिक माध्यमिक विद्यालयहरुका शैक्षिक पुस्तकालयसँग सम्बद्ध सरोकारवालाहरु जस्तै प्रधानाध्यापक वा हेड टिचर, विद्यालय व्यवस्थापन समिति, पुस्तकालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, पुस्तकालयाध्यक्ष तथा स्रोतव्यक्तिसँगको प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नावली, स्थलगत अवलोकन आदिबाट प्राप्त तथ्याङ्कका आधारमा ती विद्यालयका शैक्षिक पुस्तकालयको वर्तमान अवस्था निम्नानुसार रहेको छ ।

### ४.१.१ पुस्तकालयको भौतिक व्यवस्थापनको अवस्था

पुस्तकालयको भौतिक अवस्था भनेको पहिलो आधारभूत आवश्यकता हो । यहाँ भौतिक व्यवस्थापन अन्तर्गत भवन, कोठा, फर्निचर, पत्रपत्रिका, आधुनिक विद्युतीय उपकरण, पढने ठाउँ आदिको व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१.१ पुस्तकालय भवन तथा कोठाको अवस्था

पुस्तकालय भवन तथा कोठा पुस्तकालयका लागि मात्र नभएर समग्र शैक्षिक विकासका लागि नै अत्यावश्यक आधारभूत पुर्वाधारहरु हन् । शैक्षिक पुस्तकालय कुनै पनि विद्यालयको एउटा अभिन्न अंगको रुपमा रहेको हुन्छ । यस अध्ययनमा छनोटमा परेका सबै विद्यालयहरुमा भवन तथा कोठामा एकरुपता पाइएन । कनकाई मा. वि. मा एक कोठा भएको छुट्टै भवन भएको तर अन्य दुई विद्यालयहरु चम्पापुर मा.वि.मा विद्यालयकै एक -एक ओटा कोठा पुस्तकालयका लागि प्रयोग गरेको पाइयो । अवलोकनका क्रममा कोठाहरु अलि साँगुरो र योजना अनुरुप त्यति व्यवस्थित पाइएन । समग्रमा पुस्तकालय भवन र कोठाको अवस्था सामान्य अवस्थामा रहेको पाइयो ।

प्राप्त अवस्थालाई रंगनाथन ( १९३१ ) को पुस्तकालय विज्ञानका पाँच वटा सिद्धान्तहरु मध्ये पाँचौ सिद्धान्तसँग मेल खाएको देखिदैन । किनभने यस सिद्धान्त अनुसार पुस्तकालयलाई बढीरहने जीवको रुपमा चित्रण गरिएको छ । पुस्तकालय भवन तथा कोठाहरु योजनावद्ध ढंगले निर्माण गरिनुपर्दछ । भवन तथा कोठालाई आवश्यकता अनुसार विस्तार गर्न सकिने गरी उपयुक्त ठाउँमा स्थापना गर्नुपर्दछ । यसैगरी कोठाहरु उज्यालो हावा छिर्ने, खुला र व्यवस्थित हुनुपर्दछ । तर उक्त विद्यालयहरुका पुस्तकालय भवन र कोठाहरु सिद्धान्त अनुरुप निर्माण गरेको पाइएन ।

### ४.१.१.२ पुस्तकालय फर्निचरको अवस्था

कुनैपनि पुस्तकालयमा पुस्तक तथा अन्य पाठ्यसामाग्री र उपकरणहरुलाई व्यवस्थित एवं आकर्षित ढंगबाट सजाएर राख्नु फर्निचरको अनिवार्य आवश्यकता पर्दछ । यसैगरी पाठक र कर्मचारीका लागी पनि फर्निचरको उत्तिकै आवश्यकता पर्दछ । यहाँ सोधपूछ तथा स्थलगत अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिका एवं स्तम्भ चित्रमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका १


*पुस्तकालय फर्निचरको अवस्था*

| विद्यालय | दराज | र्याक | टेवल | कुर्सी | लेनदेन काउन्टर | जम्मा |
|---|---|---|---|---|---|---|
| क.मा.वि. | ३ | ६ | ५ | १० | १ | २५ |
| च.मा.वि. | ३ | ३ | २ | ४ | ० | १२ |
| स.मा.वि. | २ | ३ | २ | ६ | ० | १३ |

स्रोत : प्रश्नावली तथा स्थलगत अवलोकन, २०७५

चित्र १

*पुस्तकालय फर्निचरको अवस्था*




तालिका १ एवं चित्र १ अनुसार तुलनात्मक रुपमा श्री क.मा.वि.को पुस्तकालय फर्निचरको अवस्था श्री च.मा.वि. तथा श्री स.मा.वि.को भन्दा राम्रो देखिन्छ तर अन्य पुस्तकालय सामाग्रीको स्थितिलाई हेर्दा यी विद्यालयमा फर्निचरको अवस्था ठिकै रहेपनि माग अनुसार पर्याप्त भने भएको पाइएन । त्यसैगरी ती फर्निचरहरुमा अन्तराष्ट्रिय मापदण्ड ( आइ.एस.आइ., १९७८) अनुरुप निर्माण गरेको पाइएन । मापदण्ड अनुसार फर्निचरहरु उचित नापका हुनुपर्ने, एकरुपका तथा आकर्षक हुनुपर्ने, आरामदायी र गुणस्तरीय हुनुपर्नेमा सो अनुरुप पाइएन ।

त्यसैगरी व्यवस्थित रखाइ, सजावट र सुविधायुक्त ढंगले ती फर्निचरहरुको व्यवस्थापन नभएकाले रंगनाथनको चौथो सिद्धान्तसँग पनि मेल खाएको पाइएन । यस सिद्धान्त अनुरुप पुस्तकालय सामाग्री तथा फर्निचरलाई पाठकको समय बचाउने र सजिलै पहुँचयोग्य ढंगबाट व्यवस्थापन गर्नुपर्दछ ।

### ४.१.१.३ पुस्तकहरुको समग्र अवस्था

पुस्तकहरु ज्ञानका भण्डार र प्रमाणिक दस्तावेजहरु हुन् । नयाँ पुस्तामा ज्ञानको हस्तान्तरण गर्ने साधन हुन । यसर्थ कुनै पनि पुस्तकालयको महत्व त्यहाँ सँग्रहित पुस्तकहरुको संख्या, विविधता र त्यसले पुऱ्याउने सेवा सुविधामा आधारित हुन्छ । यस अध्ययनमा प्राप्त तथ्याङ्कका आधारमा पुस्तकहरुको मोटामोटी विवरण निम्नानुसार प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका २

*पुस्तकको संख्यात्मक विवरण*


| विद्यालय | विषयगत पुस्तक | विविध विधाका पुस्तक | पत्रपत्रिका | जम्मा |
|---|---|---|---|---|
| श्री क.मा.वि. | १२७६ | ५०० | ३०० | २०७६ |
| श्री च.मा.वि. | ३०० | ३०० | १५० | ९५० |
| श्री स.मा.वि. | २०० | ३५० | २०० | ७५० |

स्रोतः प्रश्नावली र पुस्तकालय अभिलेख, २०७५

प्रस्तुत तालिका अनुसार वर्तमानमा पुस्तकालयमा रहेका समग्र पुस्तकहरुको संख्याका आधारमा चम्पापुर मा.वि. र सरस्वती मा.वि. भन्दा कनकाई मा. वि. को पुस्तकालयको अवस्था राम्रो रहेको पाइयो । उक्त तथ्याङ्कलाई वहुस्तम्भ चित्रमा पनि देखाइएको छ ।

चित्र २

*विभिन्न विद्यालयमा पुस्तकहरुको अवस्था*





चित्र २ का अनुसार विभिन्न पुस्तकहरुको संख्यात्मक स्थिति हेर्दा कनकाई मा.वि. मा विषयगत पुस्तकको वाहुल्यता रहेको देखिन्छ भने चम्पापुर मा.वि.मा विषयगत र विविध विधाका पुस्तकको संख्या समान रहेको तथा सरस्वती मा.वि.मा विभिन्न विधासँग सम्बन्धित पुस्तकहरुको वाहुल्यता देखिन्छ।

अव तीनवटै विद्यालयका विभिन्न पुस्तकहरुको जम्मा संख्याको अवस्थालाई निम्नानुसारको वृत्तचित्रमा प्रस्तुत गरिउको छ।

चित्र ३

*जम्मा पुस्तकहरुको अवस्था*



चित्र ३ का आधारमा छनोटमा परेका सम्पूर्ण विद्यालयका पुस्तकालयमा पाइएका पुस्तहरुलाई विभिन्न तीन समूहमा बाँडी अध्ययन गर्दा विषयगत पुस्तकले ओगटेको भाग ४७.०४%, विविध विधासँग सम्बन्धित पुस्तकले ओगटेको भाग ३५.७५% र विभिन्न पत्रपत्रिकाले ओगटेको भाग १७.२१% रहेको छ । यसरी तुलनात्मक रुपमा अध्ययन गर्दा पुस्तकालयमा विषयगत पुस्तकहरुको वाहुल्यता रहेको पाइयो ।

अध्ययनको क्रममा पुस्तकालय सम्बन्धि अन्य जानकारीका आधारमा विश्लेषण गर्दा पुस्तकालय समयको अभाव, तुलनात्मक रुपमा विद्यार्थी संख्याको चाप, भिडभाड, पुस्तकालय प्रयोग गर्ने बानीको कमि, विषयगत पुस्तकको वाहुल्यता, नयाँ पुस्तकहरुको कमि, पुस्तक अविलेखीकरण र रखाइ त्यति व्यवस्थित नभएको, आधारभूत तहका नानीहरुको पुस्तकालय पहुँचमा कमि आदि कारणहरुले रंगनाथन (१९३१) को पुस्तकालय विज्ञानका पहिलो र दोश्रो सिद्धान्तहरु क्रमशः 'पुस्तक प्रयोगका लागि' र 'प्रत्येक पाठकको आ-आफ्नो पुस्तक' सँग आंशिक मेल खाएको देखिन्छ तर तेश्रो सिद्धान्त जुन 'प्रत्येक पुस्तकको आ-आफ्नो पाठक' सँग भने त्यति मेल खाएको देखिदैन ।

### ४.१.१.४ पुस्तकालयमा समाचार पत्रको अवस्था

विभिन्न वार्षिक, मासिक, साप्ताहिक तथा दैनिक रुपमा प्रकाशित हुने आवधिक अखबार, जर्नल, प्रतिवेदन आदि जस्ता सामाग्रीले स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय विश्वपरिवेशमा प्रत्येक क्षण-क्षणमा घटेका घटना, परिवर्तन र खोज अनुसन्धान अनि विकासप्रति हामीलाई ताजा सूचना र जानकारी दिई अद्यावधि बनाइरहेका हुन्छन् । यीनले नागरिकको सूचना पाउने हकको रक्षा गरिराखेका हुन्छन् । कुनैपनि शैक्षिक पुस्तकालयमा समाचार पत्रहरुको व्यवस्थापन गर्नु भनेको विद्यालय परिवारलाईनै सुसूचित गर्नु हो, चेतनशील नागरिक तयार गर्नु हो ।

यस अध्ययनको स्थलगत अवलोकनका क्रममा अखबारलाई पुस्तकालय सामाग्रीको रुपमा प्रयोग गरेको पाइएन । कनकाई मा.वि.मा भने विभिन्न राष्ट्रिय र स्थानीय दैनिक समाचार पत्रहरु जस्तै कान्तिपुर, काठमाण्डौ पोष्ट, पूर्वाञ्चल दैनिक, जनसंसद, कनकाई आदिको

व्यवस्था रहेको पाइयो । तर यो शिक्षकहरुका लागि मात्र भएको देखिएकाले ती पत्रिकाहरुको मिति अनुसार सँग्रह गरेर पुस्तकालयको सामाग्रीको रुपमा व्यवस्थापन गर्न सके सम्पूर्ण पाठकको पहुँचयोग्य हुने देखिन्छ ।

### ४.१.१.५ पुस्तकालयमा आधुनिक विद्युतीय उपकरणको अवस्था

पुस्तकालयमा आधुनिक विद्युतीय उपकरण भनेको पुस्तकालय सामाग्रीको अभिलेखिकरण, लेनदेन, सञ्चालन र पठन-पाठन चुस्त दुरुस्त राख्न चाहिने उपकरणहरु जस्तै कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, ईन्टरनेट, सि.डी., क्यासेट आदि हुन् । यस अनुसन्धानका क्रममा सवैजसो विद्यालयहरुमा उक्त उपकरणहरु थोरै संख्यामा भए पनि प्रयोग गरेको पाइयो । तर शैक्षिक पुस्तकालयका लागि भनेर तीनको व्यवस्था भएको भने पाइएन ।

यसबाट यो तथ्य स्पष्ट पाइन्छ कि कनकाई नगरपालिका भित्रका सामुदायिक विद्यालय सुगम ठाउँमा स्थापना भएको भएपनि शैक्षिक पुस्तकालयहरु आधुनिक सूचना प्रविधिको पहुँचभन्दा टाढा रहेका छन् । यहाँ रंगनाथनको दोस्रो र तेस्रो सिद्धान्त अनुसार पाठकले आ-आफ्नो पुस्तक पाउने परिस्थिति नरहेको पाइन्छ । यसर्थ ती विद्यालयहरुले आफूसँग सिमित मात्रामा रहेका त्यस्ता उपकरणहरुको उच्चतम उपयोग गरी पुस्तकालयलाई आधुनिक प्रविधि मैत्री बनाउन शुरु गर्न सक्नुपर्दछ । यसबाट पुस्तकालयप्रति पाठकहरुको रुची बढाउन सकिन्छ ।

### ४.१.१.६ वर्तमान पुस्तक विद्यार्थी अनुपात

प्रति विद्यार्थी पुस्तकहरुको संख्या वा उपलब्धता हेर्न पुस्तक विद्यार्थी अनुपातले सहयोग गर्दछ । यस अध्ययनका क्रममा संकलित पुस्तक तथा विद्यार्थीको कुल संख्याका आधारमा पुस्तक-विद्यार्थी अवस्था निम्नानुसार तालिका र स्तम्भ चित्रका माध्यमबाट देखाइएको छ ।

तालिका ३

*पुस्तक विद्यार्थी अनुपातको वर्तमान अवस्था*


| विद्यालय | पुस्तक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| श्री क. मा. वि. | २०६७ | १९९६ | १.०४:१ |
| श्री च. मा. वि. | ९५० | ३०० | ३.१७:१ |
| श्री स. मा. वि. | ७५० | ४०० | १.८८:१ |

स्रोत: विद्यालय तथा पुस्तकालय अभिलेख, २०७५

प्रस्तुत तालिकाबाट यो तथ्य थाहा हुन्छ कि एकजना विद्यार्थीका लागि १.०४ देखि ३.१७ वटा पुस्तक औसत रुपमा उपलब्ध हुने देखिन्छ भने समग्रमा प्रत्येक एजना विद्यार्थीले २ वटा पुस्तक मात्र पढ्न पाउने स्थिति देखिन्छ । अब यसलाई स्तम्भ चित्रको माध्यमबाट चित्र ४ मा प्रस्तुत गरिएको छ ।

चित्र ४

*पुस्तक-विद्यार्थी अनुपात*




विद्यालय

माथिको स्तम्भ चित्रबाट पनि पुस्तक विद्यार्थी अनुपातमा त्यति ठूलो अन्तर रहेको देखिदैन । कनकाई मा.वि.मा लगभग पुस्तक र विद्यार्थीको संख्यात्मक अवस्था हाराहारिमा रहेको देखिन्छ, भने चम्पापुर मा.वि. र सरस्वती मा.वि.मा पुस्तक विद्यार्थी अनुपात अलि बढी देखिन्छ ।

समग्रमा हेर्दा पाठकका लागि पुस्तकको उपलब्धता ज्यादै न्यून रहेको देखिन्छ । शिक्षक र विद्यार्थीका गुनासाहरु पनि चाहेका पुस्तकहरुको अभावप्रति नै केन्द्रित रहेका छन् । यसलाई पुस्तकालय विज्ञानका सिद्धान्तहरुसँग तुलना गर्दा रंगनाथन (१९३१) को 'पाठकको आ-आफ्नो पुस्तक' र 'पुस्तकको आ-आफ्नो पाठक' सिद्धान्तहरुसँग त्यति मेल खाएको देखिएन । यसर्थ ती विद्यालयहरुले आवश्यकता र रुचीका आधारमा पुस्तकरुको संख्यात्मक तथा गुणात्मक बृद्धि गर्न आवश्यक रहेको स्पष्ट देखिन्छ ।

## ४.१.२ पुस्तकालयको व्यवस्थापकीय एवम् प्रशासनिक अवस्था

कुनै पनि कार्य प्रभावकारी र चुस्त दुरुस्त रुपले सञ्चालन गरी अपेक्षित उपलब्धि हासिल गर्न कुनै पनि संघ सँगठनमा व्यवस्थापकीय एवम् प्रशासनिक पक्ष सशक्त हुनु  पर्दछ । यसैगरी कुनै पनि विद्यालयका शैक्षिक पुस्तकालयको योजना, नीति, नियमको निर्माण, स्थापना, सञ्चालन, संरक्षण, वितरण, आर्थिक स्रोतको परिचालन, पुस्तकालय कर्मचारीको लागि आवश्यक निर्देशन, नियन्त्रण आदि कार्यहरु सम्पादन गरी शैक्षिक उपलब्धिलाई अपेक्षा गरे अनुरुप प्राप्त गर्न पुस्तकालयको व्यवस्थापकीय एवम् प्रशासनिक पक्षको अत्यन्त ठूलो भूमिका रहेको हुन्छ । यहाँ शैक्षिक पुस्तकालयको व्यवस्थापकीय तथा प्रशासनिक पक्षको निम्नानुसारका दुई उप-शीर्षकमा बाँडेर प्रस्तुत, व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१.२.१ पुस्तकालय व्यवस्थापन समिति (पु.व्य.स.)

कुनै पनि विद्यालयको शैक्षिक पुस्तकालयको प्रभावकारी व्यवस्थापनका लागि पु.व्य.स.को गठन गर्नु पर्दछ । यस अध्ययनमा अनुसूची १ मा संलग्न गरिएको प्रश्नावली एवम् छलफलका आधारमा पु.व्य.स.को वर्तमान अवस्था निम्नानुसार पाइयो । छनोटमा परेका तीन वटा विद्यालयका एक-एक जना प्र.अ. र एक-एक जना व्यवस्थापन समितिका पदाधिकारी गरी जम्मा छ जना सरोकारवालाहरुबाट पु.व्य.स. गठन सम्बन्धमा प्राप्त उत्तरहरुमा चार जना उत्तरदाता (६६.६७%) बाट समिति गठन भएको पक्षमा उत्तर प्राप्त भयो भने बाँकी दुई जना (३३.३३%) उत्तरदाताबाट पु.व्य.स. गठन नभएको पक्षमा उत्तर प्राप्त भयो ।

तर अन्तरवार्ता र छलफलका आधारमा पु.व्य.स. को गठन पुतकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ अनुसार भएको पाइएन । यसर्थ हाल गठन भएको समिति शैक्षिक पुस्तकालयसँग सम्बन्धित आर्थिक, प्रशासनिक, भौतिक आदि जस्ता यावत समस्याहरु सँग जुझ्न सक्ने अवस्थामा देखिदैन । यी समस्याहरुको समाधानका साथ पुस्तकालयको व्यवस्थित व्यवस्थापनका लागि अधिकार सम्पन्न पु.व्य.स. को आवश्यकता पर्दछ । त्यसैले टेलर (१८५६-१९१५) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तसँग यो पुस्तकालय व्यवस्थापनको समिति र यसको कार्य सम्पादनले त्यति मेल खाएको देखिदैन ।

### ४.१.२.२ पुस्तकालय जनशक्ति व्यवस्थापन

कुनै पनि कार्य सुचारु र सहि ढंगबाट सम्पादन गरी अपेक्षित लक्ष्य प्राप्त गर्न विभिन्न योग्यता हासिल गरेका जनशक्ति वा कर्मचारी भनेका जीवित र सक्रिय साधन हुन् । शैक्षिक पुस्तकालयका पुस्तक छनोट, खरिद, बर्गिकरण, सूचिकरण देखि मिलाएर र सजाएर राख्ने अनि पाठकहरुलाई सेवा प्रदान गर्ने जस्ता तमाम कार्यहरु सम्पादन गर्न विभिन्न दक्ष, प्राविधिक, प्रशासनिक तथा अर्ध-दक्ष कर्मचारीहरुको आवश्यकता पर्दछ । यस अनुसन्धानका क्रममा अनुसूची-१ बमोजिमको प्रश्नावलीको आधारमा प्र.अ. तथा व्य.स. का पदाधिकारीबाट प्राप्त उत्तर वा तथ्याङ्कलाई निम्नानुसार, व्याख्या एवम् विश्लेषण गरिएको छ । पुस्तकालयाध्यक्ष तथा पुस्तकालय कर्मचारीको व्यवस्थापन सम्बन्धमा जानकारी लिदा छ जना प्रधान अध्यापक र व्यवस्थापन समितिका पदाधिकारी मध्ये दुई जना (३३.३३%) बाट व्यवस्था भएको भन्ने उत्तर प्राप्त भयो भने चार जना (६६.६७%) बाट व्यवस्था नभएको उत्तर प्राप्त भएकोले शैक्षिक पुस्तकालयमा आवश्यक कर्मचारीको व्यवस्थापन कमजोर भएको स्पष्ट हुन्छ ।

यहाँ फोयल (१८५१-१९२५) को प्रशासकीय व्यवस्थापनको सिद्धान्त अन्तर्गत पर्ने अधिकार र जिम्मेवारी तथा कार्य विभाजन को सिद्धान्तसँग पुस्तकालय कर्मचारीको व्यवस्थापनले मेल खाएको देखिदैन । फोयलका अनुसार अधिकार र जिम्मेबारी सहितको कर्मचारीको व्यवस्थापन तथा कार्य विभाजन गरी चुस्तदुरुस्त ढंगले कार्य सम्पादन गरेमा अपेक्षित लक्ष्य प्राप्त हुने तथ्य उल्लेख गरेका छन् । तर यहाँ आवश्यक कर्मचारीको नियुक्तिनै गर्न नसकेको

र भएका कर्मचारी पनि योग्य ताथ तालिम प्राप्त भएको पाइएन । शिक्षक तथा पियनले नै पुस्तकालयकर्मीको पनि कार्यभार सँभाल्नुपरेकाले हालमा ती विद्यालयहरुले शिक्षण-सिकाइमा अपेक्षा गरे अनुरुपको उपलब्धी प्राप्त गर्न सक्ने अवस्था देखिदैन ।

### ४.१.३ आर्थिक स्रोत व्यवस्थापनको अवस्था

कुनै पनि कार्य चुस्त, दुरुस्त र उपलब्धिमूलक बनाउन आर्थिक व्यवस्थापनको केन्द्रीय भूमिका हुन्छ । पर्याप्त आर्थिक स्थितिको अभावमा कुनै पनि संघ संस्थाका सम्पूर्ण योजना तथा कार्यक्रमहरु अपाङ्ग बन्छन् । यस अनुसनधानमा व्यवस्थित शैक्षिक पुस्तकालय व्यवस्थापनका लागि आर्थिक स्रोत परिचालन सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त नतिजालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

शैक्षिक पुस्तकालय व्यवस्थापनका लागि आर्थिक श्रोत व्यवस्थापन सम्बन्धमा विद्यालय प्रशासनबाट प्राप्त जानकारी अनुसार पुस्तकालय सञ्चालनका लागि चाहिने आर्थिक स्रोतको ५०% हिस्सा विद्यालय आफैंले र बाँकी ५०% हिस्सा स्थानीय सरकार तथा विभिन्न दाताहरुबाट प्राप्त भएको देखिन्छ  तर सरोकारवालाहरुसँगको प्रत्यक्ष भेट तथा छलफलबाट विद्यालयहरु अत्यन्त कमजोर आर्थिक स्थितिबाट गुज्रिरहनु परेको र प्राप्त भएको केही रकम पनि अन्य शीर्षकहरु जस्तै तलब, भत्ता, भौतिक व्यवस्थापन आदिमा खर्च गर्नुपर्ने वाध्यता रहेकाले पुस्तकालय व्यवस्थापनका लागि खर्चको अभाव रहेको जानकारी प्राप्त भयो । सरकार र दाताबाट प्राप्त हुने आर्थिक सहयोगको नियमितता र निश्चितता नहुने भएकाले पुस्तकालय आर्थिक स्रोत व्यवस्थापनमा अझ बढी कठिनाइ रहेको तथ्य प्राप्त भयो ।

शैक्षिक पुस्तकालय व्यवस्थापनका लागि आर्थिक सहयोग सम्बन्धमा स्थानीय सरकार तथा स्रोत केन्द्रसँग जानकारी माग्दा यस कनकाई नगरपालिका भित्रका सबै पाँचैवटा माध्यमिक विद्यालयहरुलाई विगत वर्षहरुमा एकमुष्ट ६ लाख ५० हजार रुपैया शैक्षिक पुस्तकालयको व्यवस्था गर्नका लागि भनेर अनुदान स्वरुप वितरण गरिएको जानकारी प्राप्त भयो । त्यसैगरी आर्थिक सहयोगको निरन्तरताका लागि प्रतिक्रिया माग्दा हालमा त्यस्तो कुनै योजना तथा नीति नरहेको कुरा प्राप्त भयो । उक्त अनुदान रकमको उपयोगका सम्बन्धमा

अर्को जानकारी माग्दा विद्यालयहरुले केही रकम पुस्तक खरिदमा खर्च गरेको र धेरै जसो रकम विद्यालयका अन्य शीर्षकहरुमा खर्च गरेकाले शैक्षिक पुस्तकालयको व्यवस्थापन राम्रो र व्यवस्थित बन्न नसकेको गुनासो प्राप्त भयो ।

## ४.२ सामुदायिक विद्यालयको पुस्तकालयले शिक्षण- सिकाइमा पुऱ्याएको सहयोग

शैक्षिक पुस्तकालय कुनै पनि विद्यालयको एउटा अभिन्न अंग हो । जुन राष्ट्रमा शैक्षिक पुस्तकालयको राम्रो विकास भएको हुन्छ र पुस्तकालयलाई शैक्षिक प्रणालीको प्रवाहमा सँगसँगै संलग्न गरेको हुन्छ, त्यस देशको समग्र शैक्षिक स्तर र नागरिकमा चेतनाको स्तर उच्च रहेको पाइन्छ । शैक्षिक पुस्तकालयले शिक्षण- सिकाइमा पुऱ्याएको सहयोग सम्बन्धमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा तीन वटै विद्यालयका सहभागीहरुबाट शिक्षक तथा विद्यार्थीहरुलाई शिक्षण-सिकाइमा राम्रो सहयोग पुऱ्याएको प्रतिक्रिया प्राप्त भयो । पन्ध्र जना सहभागी मध्ये पाँच जना (३३.३३%) जना सहभागीहरुबाट पुस्तकालयबाट अत्यन्त राम्रो सहयोग पुगेको र दस जना (६६.६७%) सहभागीबाट राम्रो सहयोग पुगेको प्रतिक्रिया प्राप्त भयो । यस प्रकार समग्रमा पुस्तकालयबाट शिक्षण शिकाइमा सकरात्मक प्रभाव परेको नतिजा प्राप्त भयो ।

विभिन्न अनुसन्धानहरुबाट प्राप्त निष्कर्षहरुले पनि यस कुराको पुष्टि गरिसकेका छन् । जज (२०१२), आस (२०१२), सन्धु (२०१४), ओमिनियो (२०१६) ले विभिन्न राष्ट्रहरुमा शैक्षिक पुस्तकालयको व्यवस्थाहरुले शिक्षण-सिकाइमा पुस्तकालयको प्रभाव उत्कृष्ट रहेको उल्लेख गरेका छन् । यो अनुसन्धानको नतिजा पनि उक्त अनुसनधानहरुको नतिजासँग मेल खाएकाले शैक्षिक पुस्तकालय व्यवस्थापनले शिक्षण-सिकाइमा राम्रो प्रभाव पार्ने कुरा पुष्टि हुन्छ ।

## ४.३ शैक्षिक पुस्तकालय व्यवस्थापनका समस्या र समाधानका उपायहरु

स्वभावैले मानिसका आवश्यकता र चाहनाहरु असिमित हुन्छन् । तर ती आवश्यकता र चाहनाहरु पूरा गर्नका लागि चाहिने साधनहरु सीमित हुन्छन् । यसर्थ मानिस तथा कुनै पनि

संघ संस्थाले प्रत्येक क्षण विभिन्न समस्याहरु भेल्नुपर्दछ । यस अनुसन्धानमा सरोकारवालाहरुसँगको पत्यक्ष भेट, अन्तरवार्ता, प्रश्नावली, छलफल तथा स्थलगत अवलोकनका क्रममा विविध समस्याहरु प्राप्त भयो । ती समस्या र समाधानका केही उपायहरुलाई निम्नानुसारका शीर्षकहरुमा बाँडी उल्लेख गरिएको छ ।

### ४.३.१ शैक्षिक पुस्तकालयका समस्या तथा समाधानका उपायहरु

#### ४.३.१.१ भौतिक समस्या तथा समाधानका उपायहरु

अनुसन्धानका क्रममा शैक्षिक पुस्तकालय व्यवस्थापनका सम्बन्धमा प्राप्त भौतिक समस्याहरुमा छुट्टै भवन तथा व्यवस्थित कोठाहरुको अभाव, फर्निचरहरुको अभाव, चाहना र आवश्यकता अनुरुपका पुस्तकहरुको अभाव तालिम प्राप्त पुस्तकालयाध्यक्ष तथा कर्मचारीको अभाव, पुस्तकालय कार्डको अभाव, विभिन्न विद्युतीय उपकरणहरु, इन्टरनेट र ई-लाइब्रेरीको अभाव, पाठ्यक्रम परिवर्तन सँगै रिफरेन्सका लागि पुस्तक नपाइने समस्या, वाचनालयको अभाव आदि पाइयो ।

उपर्युक्त समस्या समाधानका लागि सम्पूर्ण सरोकारवाला पक्षहरु एकै ठाउँमा उभिएर शैक्षिक पुस्तकालयको आवश्यकता र महत्वमाथी घनीभूत छलफल गरी भौतिक पूर्वाधारहरुको विकासमा साना वा अल्पकालिन र दीर्घकालिन योजना बनाई अघि बढ्नु पर्दछ ।

#### ४.३.१.२ आर्थिक समस्या तथा समाधानका उपायहरु

अनुसन्धानका क्रममा प्राप्त भएका शैक्षिक पुस्तकालय व्यवस्थापनका आर्थिक समस्याहरुमा दिगो आर्थिक स्रोतको पहिचान तथा परिचालन गर्न नसक्नु, राज्य र दाताहरुबाट प्राप्त अनुदान सहयोग नियमित र पर्याप्त नहुनु, विद्यालयको बार्षिक बजेटमा पुस्तकालय खर्चको विनियोजना नगर्नु, छुट्टै पुस्तकालय कोषको स्थापना नहुनु, पुस्तक तथा पुस्तकालय सामाग्रीको मूल्य महँगो हुनु, पुस्तकालय कर्मचारीका लागि छुट्टै तलव भत्ताको व्यवस्था गर्न नसक्नु, प्राप्त अनुदानको उद्देश्य अनुरुप सही उपयोग नहुनु आदि पाइयो ।

उपर्युक्त समस्या समाधानका लागि दिगो आर्थिक स्रोतहरु जस्तै स्थानीय सरकार तथा संघ संस्थाहरु सँग नियमित सहयोगका लागि पहल, पुस्तकालयसँग सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसँगठन र दाताहरु सँगको सम्बन्ध विस्तार, भूतपुर्व विद्यार्थी सँगठन परिचालन, पुस्तकालय व्यवस्थापन कोषको स्थापना आदि कार्य गर्नुपर्दछ ।

### ४.३.१.३ व्यवस्थापकीय समस्या तथा समाधानका उपायहरु

अनुसन्धानका क्रममा थाहा भएका शैक्षिक पुस्तकालय व्यवस्थापनमा व्याप्त व्यवस्थापकीय समस्याहरुमा शिक्षा मन्त्रालयको पुस्तकालय व्यवस्थापन निर्देशिका अनुरुप पु.व्य.स. गठन हुन नसक्नु वा नाम मात्रको समिति बन्नु, वि.व्य.स. तथा विद्यालय प्रशासनले पुस्तकालयको विकासमा त्यति चासो नदेखाउनु वा लागि नपर्नु, परिवर्तित पाठ्यक्रम अनुसार पुस्तकहरुको छनोट तथा व्यवस्था गर्न नसक्नु, अधिकार सम्पन्न पुस्तकालय समिति बन्न नसक्नु पुस्तकालय सामाग्री र जनशक्तिको वैज्ञानिक व्यवस्थापन गर्न नसक्नु, पुस्तकालयसँग सम्बन्धित अतिरिक्त कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न नसक्नु, शिक्षक तथा विद्यार्थीमा पुस्तकालयको महत्व र प्रयोगका बारेमा सचेत गराउन नसक्नु, पुस्तकालयको संरक्षण तथा अनुगमन नियमित रुपमा गर्न नसक्नु, दिगो रुपमा आर्थिक व्यवस्थापन गर्न नसक्नु आदि पाइयो ।

उपर्युक्त समस्या समाधानका लागि विद्यालयले शिक्षा मन्त्रालयको निर्देशनको पालन गरी अधिकार सम्पन्न पु.व्य.स.को गठन, पुस्तकालयको भौतिक तथा आर्थिक व्यवस्थापनमा चासो, सरोकारवालाहरुविच पुस्तकालय सम्बन्धमा छलफल अन्य सार्वजनिक पुस्तकालय, संघसंस्था सँगको सम्बन्धमा विस्तार, नियमित अनुगमन र रेखदेख आदि कार्य गर्नुपर्दछ ।

### ४.३.१.४ नीतिगत समस्या र समाधानका उपायहरु

अनुसन्धानका क्रममा शैक्षिक पुस्तकालय व्यवस्थापन सँग सम्बन्धित प्राप्त भएका नीतिगत समस्याहरुमा राज्य स्तरबाट पुस्तकालय सञ्चालन सम्बन्धमा कुनै ठोस नीति नबनेको,

नीति निर्माण तहमा रहेकाहरुको आँखाबाट शैक्षिक पुस्तकालय ओझेलमा परेको, भएका केही नीति निर्देशन पनि कागजमानै सीमित रहेको, पुस्तकालयको अनुगमन तथा मुल्याङ्कन हुन नसकेको आदि पाइयो ।

उपर्युक्त समस्या समाधानका उपायहरुमा शैक्षिक पुस्तकालय स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा राज्य स्तरबाटै ठोस ऐन, नियम तथा नीति निर्माण गरी अनिवार्य लागु गर्नुपर्ने, शिक्षा मन्त्रालय स्तरबाटै संबन्धित सरोकारहरुमाझ पुस्तकालयको महत्व र प्रयोगका बारेमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, शैक्षिक पुस्तकालयलाई राष्ट्रिय शिक्षा प्रणालीमानै समाहित गरी अघि बढाउनुपर्ने, दिगो आर्थिक स्रोत परिचालन एवम् व्यवस्थपनका लागि स्पष्ट नीति बनाउने, पु.व्य.स. का कार्यहरुको अनुगमन गर्ने निकायको निर्माण गरी नियमित अनुगमन गर्नुपर्ने आदि कार्य गर्नुपर्दछ ।

### ४.३.२ शैक्षिक पुस्तकालय व्यवस्थापनका प्रमुख चुनौतीहरु

यस अनुसन्धानका क्रममा विभिन्न सरोकारहरुसँगको छलफल, सम्बन्धित साहित्यहरुको पुनरावलोकन, स्थलगत अनुगमन तथा आफ्नै अनुभव र अनुभूतिका आधारमा शैक्षिक पुस्तकालयका प्रमुख चुनौतीहरुलाई निम्नानुसार औंल्याइएको छ ।

#### ४.३.२.१ आर्थिक चुनौती

प्रायः सामुदायिक विद्यालयहरुले कमजोर आर्थिक अवस्थाका कारण विभिन्न भौतिक कुराहरु जस्तै विद्यालय भवन, पर्याप्त कोठा, फर्निचर, शौचालय, शुद्ध खानेपानी, घेराबार, खेलकुद सामाग्री, विद्युतीय सञ्चारका उपकरणहरु, पाठ्यपुस्तक आदिको अभाव झेलिराखेको वर्तमान अवस्थामा शैक्षिक पुस्तकालयको व्यवस्थापन अलि परको विषय भएको महसुस भयो । यसर्थ आर्थिक अभाव शैक्षिक पुस्तकालय व्यवस्थापनको एउटा प्रमुख चुनौतीको रुपमा पाइयो ।

### ४.३.२.२ दक्ष जनशक्तिको व्यवस्थापनमा चुनौती

सामुदायिक विद्यालयहरुले पर्याप्त दक्ष शिक्षक तथा कर्मचारीहरुको अभाव झेलिरहेको वर्तमान अवस्थामा दक्ष, योग्य, तालिम प्राप्त र शैक्षिक पुस्तकालयको महत्वलाई बुझ्न सक्ने पुस्तकालयाध्यक्ष र कर्मचारीहरुको व्यवस्थापन गर्न सक्ने स्थिति देखिएन । यसर्थ शैक्षिक पुस्तकालयको प्रभावकारी सञ्चालनका लागि जनशक्तिको व्यवस्था गर्न नसक्नु अर्को प्रमुख चुनौतीको रुपमा पाइयो ।

### ४.३.२.३ सूचना प्रविधिसँग सम्बद्ध चुनौती

विश्व बजारमा द्रुत गतिमा भइरहेको सूचना प्रविधिको विकासले विद्युतीय सञ्चार उपकरणहरुको प्रयोगमा बढोत्तरी ल्याएको छ । तर यस सँगै शैक्षिक पुस्तकालयको महत्व र विकासमा सरोकारवालहरुमा अन्योलता छाएको पाइयो । उनीहरुमा कुरा इन्टरनेट र ई-लाइब्रेरीको हुने तर कागजी पुस्तकालय तर्फ त्यति चासो नदिने सोचको विकास भएको पाइयो । यसले सर्वसाधारण विद्यार्थीहरुको पहुँच न त इन्टरनेट र ई-लाइब्रेरीमा नै पुग्ने देखिन्छ, न त परम्परागत पुस्तकालयमा नै । पुस्तकालय स्थापना तथा विकास प्रति सरोकारवालाहरुमा बढेको उदासिनता तेस्रो प्रमुख चुनौतीको रुपमा पाइयो ।

### ४.३.२.४ नीतिगत चुनौती

विद्यालयमा शैक्षिक पुस्तकालय व्यवस्थापनको अनिवार्यता र कार्यान्वयन सम्बन्धमा स्पष्ट र ठोस राष्ट्रिय नीति बनेको पाइएन । शैक्षिक पुस्तकालयलाई राष्ट्रिय शैक्षिक नीति तथा योजनामा पारेर लाने र यसलाई विद्यालयको एक अभिन्न शैक्षिक अंगको रुपमा मान्ने अनि विकास गर्ने तर्फ कुनै ऐन कानून बनेको पाइएन । यसर्थ शैक्षिक पुस्तकालयको स्थापना, विकास र सञ्चालनका लागि स्पष्ट नीतिगत व्यवस्था नबन्नु चौथो प्रमुख चुनौतीको रुपमा पाइयो ।

### ४.३.२.५ व्यवहारिक तथा वातावरणीय चुनौती

मुलुकमा व्याप्त गरिबी, राजनीतिक अस्थिरता, अन्योल भविष्य, रोजगारीका लागि विदेशिनु पर्ने बाध्यता आदि कारणले विदार्थीहरुमा पढेर के काम ? भन्ने सोचको विकास भएको छ । त्यसैगरी माध्यमिक तहको कमजोर परीक्षा प्रणालीका कारण विद्यार्थीमा खोजपूर्ण पठन संस्कृति प्रायः हराउन थालेको छ । विश्वविद्यालय तथा महाविद्यालय स्तरको अध्ययन अत्यन्त महँगो भएका कारण यो सर्वसाधारण विद्यार्थीका लागि पहुँच बाहिर गएको छ । अर्को तर्फ सानै उमेरदेखि नै फेसबुक र युटुवका मनोरञ्जनात्मक कुरामा रमाउने बानी विद्यार्थीहरुमा पर्न थालिसकेको छ । यी अनेकन कारणहरुले पाठकको पुस्तकालय प्रतिको रुची र पढाइ प्रतिको लगाव घटिरहेको पाइन्छ । यसर्थ वर्तमान अवस्थामा देखा परेका यी यावत व्यवहारिक तथा वातावरणीय समस्या शैक्षिक पुस्तकालय व्यवस्थापनको पाँचौं प्रमुख चुनौतीको रुपमा टड्कारो रुपमा देखिन्छ ।

### ४.३.३ शैक्षिक पुस्तकालय व्यवस्थापनका चुनौतीहरु न्यूनीकरणका उपायहरु

यी चुनौतीहरुको न्यूनीकरणका लागि नेपाल सरकारबाट शैक्षिक पुस्तकालय व्यवस्थापनका लागि आवश्यक बजेट नियमित रुपमा विनियोजन गर्नु पर्छ भने विद्यालयले पनि आफ्नो वार्षिक बजेटमा पुस्तकालय खर्च शीर्षकमा केही निश्चित प्रतिशत रकम विनियोजन गरी दिगो आर्थिक व्यवस्थापन गर्नुपर्छ । दक्ष पुस्तकालय जनशक्तिको उत्पादन गरी राज्यबाटै प्रत्येक विद्यालयमा पुस्तकालयाध्यक्ष , प्राविधिक तथा अन्य कर्मचारीको नियुक्ति, तलव तथा तालिमको व्यवस्था मिलाउनु पर्छ । विद्यालयहरुले समय र विज्ञानले दिएको प्रविधि र उपकरणहरुको प्रयोग गरी पुस्तकालयलाई प्रविधि मैत्री बनाउनु पर्छ र विश्व सँगको सम्बन्धमा जोडिनु पर्छ । कागजमा मात्र सीमित रहेको पुस्तकालय व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयन र अन्य आवशयक ऐन कानूनको व्यवस्था गरी शिक्षा मन्त्रालयले शैक्षिक पुस्तकालयलाई राष्ट्रको शिक्षा प्रणालीमा समाहित गरी विकास गर्ने तर्फ जोड दिनुपर्छ । माध्यमिक स्तरको शिक्षालाई प्रभावकारी र उपलब्धीमूलक बनाउन परीक्षा प्रणालीलाई बलियो बनाउने, विद्यार्थीमा ज्ञानको खोजी गर्ने र अध्ययन गर्ने बानीको विकास गराउने तथा शिक्षित जनशक्तिका लागि रोजगारीको व्यवस्था र भविश्य निश्चित गर्ने तर्फ

स्थानीय, प्रान्तीय र केन्द्रीय सवै खाले सरकार प्रतिवद्ध हुनुपर्छ । अभिभावकहरुले पनि आफ्ना नानीहरु मोवाइलका मनोरञ्जनात्मक सामाग्रीमा भन्दा पुस्तकालय सामाग्रीसँग रमाउन सकुन् भन्ने तर्फ सचेत हुनुपर्छ । यसका लागि आफ्नो घर वा कोठामानै विविध पाठ्य सामाग्रीहरुको संकलन गरी पुस्तकालयको व्यवस्था गर्ने तथा सानै उमेरदेखि अध्ययन गर्ने बानीको विकास गर्न उचित वातावरण निर्माण गर्नुपर्छ ।

# अध्याय पाँच : निष्कर्ष र सुझाव

झापा जिल्लाको कनकाई नगरपालिकामा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयका शैक्षिक पुस्तकालयको समग्र अवस्था, समस्या तथा चुनौतीहरु के कस्तो रहेछ तथा के कस्ता समाधानका उपायहरु सुझाउन सकिन्छ भनी यो अनुसन्धान सम्पन्न गरिएको थियो । अनुसन्धानबाट प्राप्त निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

यस अनुसन्धानको नमुना छनोटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा सञ्चालित शैक्षिक पुस्तकालयहरुसँग सम्बन्धित विभिन्न सरोकारवालासँगको प्रत्यक्ष भेट, छलफल, अन्तरवार्ता, प्रश्नावली, स्थलगत अवलोकन आदिको सहयोगमा संकलित तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त निष्कर्षहरुलाई उद्देश्य अनुसार सिलसिलेबार ढंगबाट निम्नानुसार प्रस्तुत गरिएको छ ।

शैक्षिक पुस्तकालयको व्यवस्थित र प्रभावकारी सञ्चालनका लागि चाहिने भौतिक सामाग्रीहरु जस्तै पुस्तक, भवन, कोठा फर्निचर, जनशक्ति, वाचनालय आदिको अवस्था सामान्य रहेको पाइयो ।

पुस्तकालयमा विषयगत पुस्तकले ४७.०४%, विविध विधाका पुस्तकले ३५.७५% र अन्य पत्रपत्रिका लगायतले १७.२१% भाग ओगटेको पाइयो । तर अखबारपत्रले पुस्तकालयमा स्थान पाएको भने पाइएन ।

पुस्तक-विद्यार्थी अनुपातलाई विश्लेषण गर्दा प्रति एकजना विद्यार्थीका लागि करिब दुई वटा पुस्तक मात्र उपलब्ध हुने अवस्था रहेको पाइयो ।

परिवर्तित पाठ्यक्रम अनुरुप समयमानै रिफरेन्सका लागि पुस्तक उपलब्ध भएको पाइएन ।

पुस्तकालयमा आधुनिक विद्युतीय सञ्चार उपकरणहरु जस्तै कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन आदि जडान भएको पाइएन । ई-लाइब्रेरीको व्यवस्था भएको पनि पाइएन । पुस्तकालयको प्रशासनिक, व्यवस्थापकीय, सञ्चालन तथा प्रयोगको अवस्थालाई विश्लेषण गर्दा ६६.६७% पुस्तकालयमा पुस्तकालय व्यवस्थापन समिति गठन भएको पाइयो भने पुस्तकालयाध्यक्ष तथा कर्मचारीको व्यवस्थापन शिक्षा मन्त्रालयको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ अनुरुप भएको पाइएन । विद्यालयका शिक्षक तथा कर्मचारीले नै पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गरेको स्थिति पाइयो ।

विद्यार्थी तथा शिक्षकमा पुस्तकालयको प्रयोग गर्ने बानीको विकास त्यति राम्रो भएको पाइएन । तर जे-जति प्रयोग भएको छ । त्यसबाट शिक्षण- सिकाइमा राम्रो प्रभाव परेको भन्ने मत ६६.६७% र धेरै राम्रो प्रभाव परेको मत ३३.३३% प्राप्त भएकाले पुस्तकालयको प्रयोगले शिक्षण- सिकाइमा शतप्रतिशत सहयोग गरेको पाइयो ।

पुस्तकालय सञ्चालनका लागि चाहिने खर्चका सम्बन्धमा विद्यालय प्रशासन तथा विद्यालय श्रोत केन्द्रबाट प्राप्त जानकारी अनुसार प्रत्येक सामुदायिक माध्यमिक विद्यालयले पुस्तकालय खरीद तथा पुस्तकालय व्यवस्थापनका लागि सरकारबाट एकमुष्ट रु. ६,५०,०००।- प्राप्त गरेका थिए तर यो रकम निश्चित र नियमित नभएको जानकारी प्राप्त भयो । यसै गरी विद्यालयहरुले आफ्नो खर्चमा पुस्तकालय सञ्चालन खर्च भनी छुट्टै खर्च छुट्टयाएको र दिगो पुस्तकालय कोषको व्यवस्थापन गरेको पाइएन ।

समस्याहरुमा आर्थिक, भौतिक, वैज्ञानिक, व्यवस्थापकीय, प्रशासनिक कठिनाइ, पठन संस्कृतिको अभाव, सरोकारवालाहरुमा उदासिनता तथा इच्छाशक्तिको कमि, नीतिगत अस्पष्टता आदि पाइयो ।

प्रमुख चुनौतीहरुमा आर्थिक चुनैती, दक्ष जनशक्तिको व्यवस्थापनमा चुनौती, सूचना प्रविधिसँग सम्बन्धित चुनौती, नीतिगत चुनौती र व्यवहारिक एवम् वातावरणीय चुनौतीहरु टडकारो रुपमा रहेको पाइयो ।

## ५.२ सुझाव

अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्कका आधारमा विश्वमा आजभन्दा करिब ५,००० वर्ष पहिले नै शुरु भएको पुस्तक सँग्रहको संस्कृति समयक्रम सँगै विकसित हुँदै, झाँगिदै बढो महत्वका साथ विकसित मुलुकहरुमा सम्पूर्ण शिक्षा प्रणालीकै एक अंगको रुपमा स्थापित हुँदा पनि नेपालमा भने अझै ओझेलमा नै परेको स्थिति पाइन्छ । अझ विद्यालय स्तरका शैक्षिक पुस्तकालयहरुको अवस्था त झनै नाजुक स्थितिमा पाइयो । जबसम्म शैक्षिक पुस्तकालयलाई विद्यालयको एउटा पाटोको रुपमा लिईंदैन र समय एवं प्रविधिको विकास सँगै परिष्कृत तथा समृद्धिशाली बनाउन सकिदैन, तबसम्म शिक्षण- सिकाइमा प्रभावकारीता ल्याउन सकिदैन । त्यसैगरी चाहे अनुरुप गुणात्मक शैक्षिक उपलब्धि हासिल गर्न पनि सकिदैन । यसर्थ राज्यका प्रत्येक विद्यालयहरुमा एक-एक वटा समृद्धिशाली, प्रविधियुक्त एवम् पाठकमैत्री शैक्षिक पुस्तकालयको व्यवस्थापनका लागि विभिन्न नीति निर्माण तह, कार्यान्वयन तह तथा अनुसन्धान तहलाई निम्नानुसार सुझाव दिइन्छ ।

### ५.२.१ नीति निर्माण तह

नीति निर्माण तहमा रहेका सम्बन्धित निकायहरुले गुणात्मक तथा सर्वसुलभ शिक्षा सम्पूर्ण नागरिकका लागि पहुँचयोग्य बनाउन स्पष्ट ऐन नियमको निर्माण गर्नुपर्दछ । विभिन्न किसिमका पुस्तकालयहरुका साथै विद्यालय स्तरीय शैक्षिक पुस्तकालयको स्थापना, सञ्चालन तथा संवर्द्धन गर्ने किसिमका कानून सरकारी स्तरबाट निर्माण गर्नुपर्दछ ।

नेपाल सरकार तथा शिक्षा मन्त्रालयले विद्यालय स्तरदेखिनै अनिवार्य शैक्षिक पुस्तकालय स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि व्यवहारिक ऐन तथा नियम निर्माण गर्नुपर्छ ।

स्थानीय सरकार तथा स्रोत केन्द्रले आ-आफ्नो कार्यक्षेत्रका सम्पूर्ण विद्यालयहरुमा शैक्षिक पुस्तकालयको प्रभावकारी व्यवस्थापनका लागि नियमित अनुदान तथा अनुगमन, सहुलियत दरमा सामाग्रीको उपलब्धता, प्रभावकारी प्रयोग आदिका लागि स्थानीय स्तरमा आवश्यक नीति नियमहरु निर्माण गर्नुपर्छ । अन्तराष्ट्रिय मान्यता तथा पुस्तकालय विज्ञानका सिद्धान्तमा

आधारित शैक्षिक पुस्तकालयको विकासका लागि वैज्ञानिक रुपले योजनाबद्ध ढंगबाट भवन, कोठा तथा फर्निचर निर्माण, योग्य तथा तालिम प्राप्त जनशक्तिको उत्पादन तथा परिचालन र पुस्तकालय व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा शीघ्ररुपले व्यवहारिक र स्पष्ट नीति नियम बनाई लागु गर्न सम्बन्धित विद्यालयहरुलाई दवाव दिनुपर्छ ।

## ५.२.२ कार्यान्वयन तह

शैक्षिक पुस्तकालय व्यवस्थापनका कार्यन्वयन तहमा रहेका सरोकारवालहरुमा विद्यालय स्रोत केन्द्र, पुस्तकालय व्यवस्थापन समिति, विद्यालय, प्रधान अध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, पुस्तकालयाध्यक्ष , पुस्तकालय कर्मचारी, बालक्लब तथा अभिभावकहरु पर्नुहुन्छ । अनुसन्धानका क्रममा शैक्षिक पुस्तकालयहरु वैज्ञानिक र व्यवस्थित ढंगले सञ्चालन भएको पाइएन । यसर्थ उक्त सरोकारवाला सवैले विद्यालय स्तरको गुणात्मक शिक्षाका लागि एकै ठाउँमा उभिएर शैक्षिक पुस्तकालयको महत्व, यसले शिक्षण-सिकाइमा पार्ने प्रभाव, यसको प्रभावकारी एवम् दिगो विकासका लागि छलफल तथा अन्तरक्रिया गरी आवश्यक विनियमहरु बनाइ कार्यान्वयन गर्नुपर्छ ।

प्रत्येक विद्यालयले आ-आफ्नो आवस्था र आवश्यकता अनुरुप सानै र थोरै संख्यामा भएपनि पुस्तकालयका भौतिक कुराहरुलाई अन्तराष्ट्रिय मान्यता, मापदण्ड र पुस्तकालय विज्ञानका सिद्धान्तका आधारमा योजनावद्ध रुपमा निर्माण र विकास गर्दै जानुपर्छ ।

शिक्षक तथा विद्यार्थीहरुलाई पुस्तकालयको अनिवार्य प्रयोगका लागि आवश्यक विनियमहरु बनाई लागु गर्नुपर्छ । उनीहरुलाई बेलाबेलामा विभिन्न सार्वजनिक तथा महाविद्यालयहरुका पुस्तकालय, सँग्राहलय, पुस्तक महोत्सव आदिको शैक्षिक भ्रमण गराउनु पर्छ ।

पुस्तकालयलाई आधुनिक प्रविधिसँग जोड्दै सबै किसिमका विद्यार्थीहरुको पहुँच पुग्ने गरीको विद्यार्थी मैत्री बनाउनुपर्छ । क्रमशः ई-लाइब्रेरीको विकासका लीग पहल गर्नुपर्छ ।

पुस्तकालयमा छुट्टै दक्ष पुस्तकालयाध्यक्ष , प्राविधिक तथा अन्य कर्मचारीहरुको नियुक्ति, तालिम तथा तलब सुविधाका लागि पहल गर्नुपर्छ ।
विभिन्न आर्थिक स्रोतहरुको खोजी, परिचालन, पुस्तकालय कोषको स्थापना, स्थानीय सामाजिक संघ संस्था, गैर सरकारी संघ संस्था, पुस्तकालयको विकाससँग सम्बन्धित संघ संस्था जस्तै नेपाल नेसनल लाइब्रेरी, नेपाल लाइब्रेरी एशोशिएसन, ईन्टरनेशनल फेडरेसन अव लाइब्रेरी एशोशिएसन तथा इन्चिन्यूसन (इफ्ला) आदि सँग सम्बन्ध विस्तार गरी आवश्यक सहयोगका लागि पहल गर्नुपर्छ ।

परिवर्तित पाठ्यक्रम अनुरुप विषयत पुस्तक, रिफरेन्स आदिको खोजी, संकलन र व्यवस्थापन गर्नुपर्छ ।

स्थानीय तथा राष्ट्रिय स्तरका भाषा, संस्कृति, इतिहास, भूगोल, आदिसँग सम्बन्धित पुस्तक तथा दस्तावेज आदिको संकलन, अभिलेखिकरण तथा सँग्रह गरी पुस्तकालयलाई सानै रुपमा भएपनि अभिलेखालय तथा सँग्रहलायको रुपमा स्थापित गर्नुपर्छ ।

पुस्तकालयको माध्यमबाट विद्यालय भित्र र अन्तर विद्यालय स्तरीय विभिन्न अरिरिक्त क्रियाकलापहरु, स-साना अनुसन्धानात्मक कार्यहरु आदिको योजनावद्ध ढंगबाट सञ्चालन गर्नुपर्छ ।

लाइब्रेरियन वा पुस्तकालयाध्यक्ष तथा कर्मचारीहरुले शिक्षक तथा विद्यार्थीहरुसँग सुमधुर संबन्ध कायम गरी पुस्तकालय मैत्री वातावरणको निर्माण गर्नुपर्छ ।

विद्यालयहरुले समय समयमा अभिभावकहरुको भेला गराइ उहाँहरुलाई पुस्तकालयको भूमिका र उपादेयताका सम्बन्धमा सुसूचित गराइ आफूसँग भएका विभिन्न कथा, कविता, इतिहास, धार्मिक तथा विषयगत पुस्तकहरुको साथै पत्रपत्रिका र अखबारहरुको संकलन अनि व्यवस्थापन गरी ‘होम लाइब्रेरी’ को स्थापना गर्न र आफ्ना नानीहरुमा पढ्ने बानीको विकास घरैदेखि शुरु गर्न उत्साहित गर्नुपर्छ ।

## ५.३. अनुसन्धान तह

नीति निर्माण तहले बनाएका नीति नियमहरुको कार्यान्वयन तहले व्यवहारमा उतार्दा विभिन्न सफलता तथा असपलताहरु के कसरी प्राप्त भइरहेका छन्, के कस्ता कमजोरीहरु रहेका छन्, समस्या तथा चुनौतीहरु के कस्ता छन् र समाधानका उपायहरु के के हुन सक्तछन् भनी खोजी गर्न अनुसन्धान तहको अत्यन्त ठूलो भूमिका हुन्छ । यसका लागि विभिन्न शोधकर्ताहरुका लागि यस अनुसन्धानले खोदलेका पुस्तकालय व्यवस्थापनसँग सम्बन्धित अरु थुप्रै विषयहरुमाथी अझ गहिराइमा पुगी शूक्ष्म ढंगले अनुसन्धान गर्नका लागि निम्नानुसारका शोध शीर्षकहरु दिइएको छ ।

शैक्षिक पुस्तकालय व्यवस्थापन तथा प्रयोगको अवस्था, नेपालमा सार्वजनिक पुस्तकालयको अवस्था, शैक्षिक पुस्तकालयहरुको अन्य सार्वजनिक पुस्तकालयसँगको सहकार्य सम्बन्धमा, शैक्षिक पुस्तकालयले प्रभावकारी शिक्षण-सिकाइमा खेलेको भूमिका सम्बन्धमा, शैक्षिक पुस्तकालयले समग्र शैक्षिक विकासमा पुऱ्याएको योगदानका सम्बन्धमा, शैक्षिक सँग्राहलयको व्यवस्थापनका सम्बन्धमा, शैक्षिक पुस्तकालयले स्थानीय कला तथा संस्कृतिको संरक्षण एवम् संवर्धनमा खेलेको भूमिकाका सम्बन्धमा ।

अन्त्यमा, उपरोक्त तीनै तहहरुले एक अर्काका पूरकका रुपमा शैक्षिक पुस्तकालय व्यवस्थापनका माध्यमबाट समग्र शैक्षिक विकासका लागि लागि पर्नु पर्दछ । यसबाट विद्यालयस्तरको शिक्षण- सिकाइ क्रियाकलाप प्रभावकारी हुने, अपेक्षा गरे अनुरुपको शैक्षिक उपलब्धि प्राप्त हुने, पठन संस्कृतिको विकास हुने, स्थानीय तथा राष्ट्रिय कला एवम् संस्कृतिको संरक्षण र संवर्धन हुनका साथै राष्ट्रमा योग्य अनि सचेत नागरिक उत्पादन गर्न सहयोग पुग्दछ ।

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

### अनुसूची-१

माथिको शीर्षकमा गर्न लागिएको शोध कार्यका लागि निम्नानुसारका प्रश्नहरुको उत्तर वा तथ्याङ्क दिई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**(विद्यालयका प्रधानाध्यापक तथा पुस्तकालय व्यवस्थापन समितिका पदाधिकारीका लागि प्रश्नावली)**

नाम : ....................................          पद/जिम्मेवारी : ........................

विद्यालय : ..........................          ठेगाना : ....................................

तपाईलाई ठिक लागेको विकल्पमा ( √ ) चिन्ह लगाउनुहोस् ।

१. विद्यालयमा पुस्तकालयको अवस्था कस्तो रहेको छ ?

क) उत्तम          ख) मध्यम          ग) राम्रो छैन

२. पुस्तकालयको लागि छुट्टै भवन वा कोठाको व्यवस्था कस्तो छ ?

क) छुट्टै भवन छ          ख) कोठाको व्यवस्था छ          ग) कार्यकक्षमा नै काम चलाइएको छ ।

३. पुस्तकालय व्यवस्थापन समिति गठन गर्नु भएको छ ?

क) छ          ख) छैन          ग) हामी आफै व्यवस्थापन गर्छौं

४. पुस्तकालय सञ्चालनका लागि छुट्टै पुस्तकालयाध्यक्षको व्यवस्था गर्नु भएको छ ?

क) छ          ख) छैन          ग) पियन/शिक्षकले सञ्चालन गर्नुहुन्छ ।

५. पुस्तकालयमा आवश्यक फर्निचरको स्थिति कस्तो छ ?

क) राम्रो          ख) राम्रो छैन          ग) जसोतसो काम चलेको छ

६. पुस्तकालयमा कस्तो पुस्तकको वाहुल्यता रहेको छ ?

क) टेक्स बुक          ख) सन्दर्भ पुस्तक          ग) विविध

७. पुस्तकालयको प्रयोग कत्तिको गर्नुहुन्छ ?

क) बारम्बार          ख) कहिले काहीँ          ग) आवश्यक पर्दा

८. विद्यार्थीले पुस्तकालयको प्रयोग कत्तिको गर्छन् ?

क) बारम्बार          ख) कहिले काहीँ          ग) आवश्यक पर्दा

९. तपाईको अनुभावमा प्रभावकारी शिक्षण सिकाइ उपलब्धिमा पुस्तकालयको सहयोग कस्तो पाउनु भएको छ ?

क) अत्यन्तै राम्रो ख) राम्रो ग) कुनै प्रभाव नै छैन ।

१०. पुस्तकालय सञ्चालनका लागि आवश्यक आर्थिक व्यवस्थापन कसरी गर्नु भएको छ ?

क) स्थानीय सरकारबाट ख) विद्यालयको आफ्नै खर्चबाट ग) विभिन्न दाताहरुबाट

११. विद्यार्थीलाई पुस्तकालय समयको व्यवस्थापन कसरी गर्नुभएको छ ?

क) छुट्टै पिरियड ख) टिफिनको समय ग) समय छुट्याइएको छैन

१२. पुस्तकालयमा फोटोकपि, कम्प्युटर, ई-लाइब्रेरी आदिको व्यवस्था गर्नु भएको छ ?

क) छ ख) छैन ग) व्यवस्था गर्ने सोचमा छौँ

१३. विद्यालयमा शैक्षिक पुस्तकालय व्यवस्थापनका चुनौतीहरु के के छन् ?

क) ख) ग)

१४. शैक्षिक पुस्तकालय सम्बन्धमा यहाँको विचार ?

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

**अनुसूची-२**

माथिको शीर्षकमा गर्न लागिएको शोध कार्यका लागि निम्नानुसारका प्रश्नहरुको उत्तर वा तथ्याङ्क दिइ सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**(शिक्षकका लागि प्रश्नावली)**

नाम : .................................. पद/जिम्मेवारी : ......................

विद्यालय : .............................. ठेगाना : ................................

---

तपाईलाई ठिक लागेको विकल्पमा ( √ ) चिन्ह लगाउनुहोस् ।

१. विद्यालयमा पुस्तकालय रहेको छ ?

क) छ ख) छैन

२. पुस्तकालयमा पुस्तकहरुको संख्या/अवस्था कस्तो छ ?

क) पर्याप्त छन् ख) पर्याप्त छैनन्

३. पुस्तकालयको प्रयोग कत्तिको गर्नहुन्छ ?

क) बारम्बार ख) कहिले काहीँ ग) प्रयोग गर्दिन

४. शिक्षण कार्यमा पुस्तकालयले कत्तिको सहयोग गरेको महसूस गर्नुभएको छ ?

क) प्रसस्त सहयोग ख) केही सहयोग ग) सहयोग गरेको छैन

५. यहाँको विषयमा विद्यार्थीहरुले पुस्तकालयको प्रयोग गर्छन ?

क) गर्छन् ख) गर्दैनन् ग) कहिलेकाहीँ गर्छन

६. यहाँको विद्यालयमा पुस्तकालयका समस्याहरु के के देख्नु भएको छ ?

१)

२)

३)

४)

५)

७. वर्तमान समयमा प्रभावकारी शिक्षण सिकाइका लागि शैक्षिक पुस्तकालयको व्यवस्थापनका बारेमा यहाँको धारणा कस्तो रहेको छ ?

१)

२)

३)

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

### अनुसूची-३

माथिको शीर्षकमा गर्न लागिएको शोध कार्यका लागि निम्नानुसारका प्रश्नहरुको उत्तर वा तथ्याङ्क दिई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**(लाईब्रेरीयनका लागि प्रश्नावली)**

नाम : ................................... पद/जिम्मेवारी : ......................

विद्यालय : ......................... ठेगाना : ...................................

---

तपाईलाई ठिक लागेको विकल्पमा ( √ ) चिन्ह लगाउनुहोस् ।

१. तपाईको पुस्तकालयको अवस्था कस्तो रहेको छ ?

क) धेरै राम्रो  ख) ठिक ठिकै  ग) राम्रो छैन

२. तपाईले पुस्तकालय सम्बन्धि तालिम लिनुभएको छ ?

क) लिएको छ  ख) लिएको छैन  ग) राम्रो छैन

३. पुस्तकालय सञ्चालन गर्दा कत्तिको अफ्ठेरो महसु गर्नुभएको छ ?

क) अफ्ठेरो छैन  ख) केही अफ्ठेरो छ  ग) धेरै अफ्ठेरो छ

४. पुस्तकालय सञ्चालन कस्ता समस्याहरु महसुस गर्नु भएको छ ?

क) भौतिक  ख) प्रशासनिक  ग) आर्थिक

५. विद्यार्थीले तपाई समक्ष विशेषगरी राख्ने गुनासा के सँग नजिक छन् ?

क) भौतिक पक्ष  ख) समय व्यवस्थापन  ग) सुविधा

६. पुस्तकालयाध्यक्षको जिम्मेवारी वाहेक अन्य कुन कुन जिम्मेवारीमा हुनुहुन्छ ?

क) शिक्षण  ख) पियन  ग) अन्य

७. एउटा पुस्तकालय कर्मीको नाताले व्यवस्थित पुस्तकालय सम्बन्धमा केही राय, सुझाव तथा सल्लाह :

क)

ख)

ग)

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

**अनुसूची-४**

माथिको शीर्षकमा गर्न लागिएको शोध कार्यका लागि निम्नानुसारका प्रश्नहरुको उत्तर वा तथ्याङ्क दिई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**(विद्यार्थीको लागि प्रश्नावली)**

नाम : ................................... पद/जिम्मेवारी : ......................

विद्यालय : ............................ ठेगाना : ...................................

---

तपाईलाई ठिक लागेको विकल्पमा ( √ ) चिन्ह लगाउनुहोस्।

१. तपाई पुस्तकालय कत्तिको जानुहुन्छ ?

क) बारम्बार ख) कहिलेकाही ग) आवश्यक पर्दा

२. पुस्तकालयबाट कस्ता पुस्तकहरु धेरै पढनुहुन्छ ?

क) कोर्षसँग सम्बन्धित

ख) विविध विषयसँग सम्बन्धित

ग) पत्र पत्रिका

३. पुस्तकालयमा तपाईले चाहे अनुसारका पुस्तक उपलब्ध छन् ?

क) पर्याप्त छन् ख) पर्याप्त छैनन् ग) पुस्तकनै छैनन्

४. तपाई कुन समयमा पुस्तकालय जानुहुन्छ ?

क) पुस्तकालय पिरियडमा ख) टिफिन समयमा ग) फूर्सदमा

५. तपाई पुस्तकको अध्ययन कहाँ बसेर गर्नुहुन्छ ?

क) वाचनालयमा ख) कक्षाकोठामा ग) घरमा

६. पुस्तकालयले तपाईको पढाइ तथा प्रगतिमा कत्तिको सहयोग गरेको अनुभव गर्नुहुन्छ ?

क) धेरै राम्रो ख) राम्रो ग) सहयोग गरेको छैन

७. व्यवस्थित पुस्तकालयका सम्बन्धमा तपाईको राय सुझावः

क)

ख)

ग)

८. तपाईको विद्यालयमा पुस्तकालयका के कस्ता समस्या देख्नु भएको छ ?

क)

ख)

ग)

**माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन**
**अनुसूची ५**
**(प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली)**

१. तपाईंको विद्यालयमा पुस्तकालय रहेको छ ?

२. पुस्तकालयका लागि छुट्टै भवन वा कुनै कोठालाई प्रयोग गर्नु भएको छ ?

३. पुस्तकालयको सञ्चालन कस्ले गर्नुहुन्छ ?

४. पुस्तकालय व्यवस्थापन समितिको गठन गर्नुभएको छ ?

५. पुस्तकालयमा कस्ता पुस्तकहरुको वाहुल्यता रहेको छ ?

६. तपाईं आफु पुस्तकालयको प्रयोग कत्तिको गर्नुहुन्छ ?

७. शिक्षकहरुले पुस्तकालयको प्रयोग गर्नुहुन्छ ?

८. विद्यार्थीका लागि पुस्तकालय समयको व्यवस्थापन कसरी गर्नु भएको छ ?

९. पुस्तकालयको महत्वका बारेमा केही भन्दिनु हुन्छ कि ?

१०. पुस्तकालय फर्निचरको अवस्था कस्तो रहेको छ ?

११. पुस्तकालयमा विद्युतीय उपकरणको व्यवस्था गर्नु भएको छ ?

१२. पुस्तकालय व्यवस्थापनका लागि आर्थिक स्रोत कसरी जुटाउनु भएको छ ?

१३. पुस्तकालयका के कस्ता समस्याहरु रहेका छन् ?

१४. पुस्तकालयको प्रभावकारी व्यवस्थापनका लागि भावी योजना कस्तो रहेको छ ?

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन
## अनुसूची ६
## (शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली)

१. विद्यालयमा पुस्तकालयको अवस्था कस्तो छ ?

२. तपाइँ कुन विषय शिक्षण गर्नुहुन्छ ?

३. पुस्तकालयको प्रयोग कत्तिको गर्नुहुन्छ ?

४. शिक्षण कार्यमा पुस्तकालयले कस्तो सहयोग पुऱ्याएको छ ?

५. यहाँको विषयमा विद्यार्थीले पुस्तकालयको प्रयोग कत्तिको गर्छन ?

६. पुस्तकालयमा तपाइँले खोजेका पुस्तकहरु उपलब्ध छन् ?

७. पुस्तक छनोटमा तपाइँ भाग लिनुहुन्छ ?

८. पुस्तलकायाध्यक्षको व्यवहार कस्तो पाउनु भएको छ ?

९. पुस्तकालयमा के कस्ता समस्या देख्नु भएको छ ?

१०. पुस्तकालयसँग सम्बद्ध के कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने गर्नुभएको छ ?

११. स्टाफ बैठकमा पुस्तकालयका बारेमा पनि छलफल चलाउनु हुन्छ ?

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन
## अनुसूची ७
## (पुस्तकालयाध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली)

१. पुस्तकालयकर्मीका रुपमा कार्य गर्नुभएको कति समय भयो ?

२. पुस्तकालय व्यवस्थापन तथा सञ्चालनका लागि तालिम लिनु भएको छ ?

३. पुस्तक लेनदेन प्रक्रिया कस्तो रहेको छ ?

४. विद्यार्थी तथा शिक्षकहरुले पुस्तकालयको प्रयोग कत्तिको गर्नुहुन्छ ?

५. विद्यालय प्रशासनको पुस्तकालय प्रतिको चासो कस्तो पाउनु भएको छ ?

६. विद्यार्थीले विशेष गरेर कस्ता पुस्तकहरुको माग बढी गर्छन ?

७. पुस्तकालय सञ्चालनमा कम्प्युटरको प्रयोग पनि गर्नुहुन्छ ?

८. तपाईं आफ्नो पेशा प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

९. पुस्तकालयका प्रमुख समस्याहरु के के महसूस गर्नु भएको छ ?

१०. अन्य कुनै गुनासा तथा सुझाव भए ?

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन
## अनुसूची ८
## (विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली)

१. तपाईंको नाम के हो ?

२. तपाईं कति कक्षामा अध्ययन गर्नुहुन्छ ?

३. पुस्तकालय भनेको के हो, थाहा छ ?

४. तपाईंको विद्यालयमा पुस्तकालय छ ?

५. पुस्तकालय जाने गर्नु भएको छ ? कुन समयमा ?

६. कस्तो पुस्तक बढी पढ्नुहुन्छ ?

७. पुस्तकालयमा आफूले चाहे अनुरुपका पुस्तकहरु उपलब्ध छन् ?

८. अन्य साथीहरु पुस्तक पढ्न कत्तिको रुचाउनु हुन्छ ?

९. पुस्तकालयाध्यक्षको व्यवहार कस्तो पाउनु भएको छ ?

१०. यहाँको पुस्तकालयमा प्रमुख समस्याहरु के के देख्नु भएको छ ?

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन
## अनुसूची-९

(पुस्तकालयको स्थलगत अवलोकन तथा अभिलेख अध्ययनबाट आवश्यक भौतिक तथ्याङ्क संकलनका लागि तथ्याङ्क संकलन फारम)

विद्यालयको नाम : ........................................................................

ठेगाना : ...............................................................................

१. पुस्तक संग्रह गरेको ठाउँ

क) छुट्टै भवन ख) विद्यालयको कोठा ग) प्र.अ. कक्षा

२. पुस्तकको संख्या

क) टेक्स सँग सम्बन्धित :

ख) विविभ विधासँग सम्बन्धित :

ग) फिल्म/क्यासेट :

घ) पत्र पत्रिका :

३. ई-लाइब्रेरी/इन्टरनेटको व्यवस्था

क) भएको ख) नभएको

४. विभिन्न भौतिक अवस्था (संख्यामा)

क) ऱ्याक : ख) दराज : ग) टेबल :

घ) कुर्सी : ङ) कम्पयुटर : च)फोटोकपी मेसिन

छ) टेवल :

५. पुस्तक अध्ययन गर्ने ठाउँको व्यवस्था

क) पर्याप्त भएको ख) पर्याप्त नभएको ग) हुँदै नभएको

६. पुस्तकालय कार्डको व्यवस्था

क) भएको ख) नभएको ग) रजिष्टरमा उल्लेख गर्ने गरेको

७. अन्य :

अनुसन्धानकर्ता/संकलक

## माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

## अनुसूची-१०

### नमुना छनोटमा परेका विद्यालय तथा सम्बन्धित व्यक्तिहरुको विवरण

| क.सं. | विद्यालय/संस्था | व्यक्तिको नामावली | पद/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री क.मा.वि. | १. श्री कर्णबहादुर डाँगी<br>२. श्री बल्लभकुमार गौतम<br>३. श्री तीर्थराज खरेल<br>४. श्री दुर्गा पौडेल<br>५. श्री धनकुमारी वि.क.<br>६. श्री देवका थापा | स.प्र.अ. तथा विहानी सत्र इन्चार्ज<br>शिक्षक प्रतिनिधि<br>पु.स. प्रमुख<br>लाइब्रेरियन<br>विद्यार्थी<br>विद्यार्थी |
| २ | श्री च.मा.वि. | १. श्री विष्णुप्रसाद कोइराला<br>२. श्री तिलकबहादुर गजमेर<br>३. श्री लक्ष्मीप्रसाद नेपाल<br>४. श्री तुलराम बस्नेत<br>५. श्री समिर चुडाल<br>६. श्री प्रविन थापा | प्र.अ.<br>शिक्षक प्रतिनिधि<br>शिक्षक<br>शिक्षक एवं पु.सं.<br>विद्यार्थी<br>विद्यार्थी |
| ३ | श्री स.मा.वि. | १. श्री निर्मलकुमार खनाल<br>२. श्री सूर्यप्रसाद अधिकारी<br>३. श्री विजय तामाङ्ग<br>४. श्री सुबास सिवाकोटी<br>५. श्री स्वस्तीका सिटौला<br>६. श्री सञ्जय राई | स.प्र.अ.<br>शिक्षक एवम् पु.सं.<br>शिक्षक<br>शिक्षक<br>विद्यार्थी, बाल क्लब अध्यक्ष<br>विद्यार्थी |
| ४ | विद्यालय स्रोतकेन्द्र कनकाई न.पा. | १. श्री मेदनीप्रसाद पाठक | स्रोत व्यक्ति |
| ५ | कनकाई न.पा./शिक्षा | १. श्री हरिप्रसाद मिश्र | सूचना अधिकारी |